# प्रभाव दैनिक
National Daily



**डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं**

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

त्यसैले डढेलोबाट जोगिन:

- वन क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस जस्ता ज्वलनशील पदार्थहरु सुरक्षित रुपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- बन संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



वर्ष ११ | अंक ३२० | काठमाडौं | आइतबार, ०३ चैत २०८१ | Prabhab National Daily | Sunday, March 16, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# मन्त्रिपरिषद्को निर्णय अटेर गर्दै तीन सहसचिव



डा. उमेश दाहाल



विनयकुमार कर्ण



सञ्जिव कर्ण

- फागुन १२ गते मन्त्रिपरिषद्बाट भएको सरुवा निर्णय कार्यान्वयनमा अटेरी
- मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन नहुनुमा कृषिमन्त्री अधिकारी जिम्मेवार
- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको महानिर्देशक बन्ने दाउमा डा. मतिना जोशी वैद्य

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतमा रहेको पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहाल र मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव विनयकुमार कर्णको सरुवा गरेको महिना दिन पुग्न लाग्यो । गत फागुन १२ गते बसेको मन्त्रिपरिषद्ले उनीहरूको सरुवाबारे निर्णय गरेको थियो । जसअनुसार महानिर्देशक दाहाल र प्रदेशसचिव कर्ण सरुवा भएर पनि रमाना लिएर कार्यक्षेत्रमा खटिनुपर्ने हो । तर, उनीहरू उल्टै मन्त्रिपरिषद्को निर्णयलाई अटेर गर्दै काज खटाएको ठाउँमा गएका छैनन् ।

मन्त्रिपरिषद्को निर्णयअनुरूप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पत्र पठाइसकेको भए पनि उनीहरूले अझै पत्र बुझ्न मानेका छैनन् । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले विभागका महानिर्देशक डा. दाहाललाई तत्काल सरुवा भएको कार्यालयमा कामकाजका लागि नजानू भन्ने आदेश भएकाले उनी नगएको हुनसक्ने मन्त्री अधिकारीको सचिवालयका एक सदस्यले जानकारी दिए ।

दाहाल र कर्णसँगै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक सञ्जिव कर्ण पनि सरुवा भएको कार्यालयमा उपस्थित भएका छैनन् । कर्णलाई विभागको महानिर्देशकमा रूपमा सरुवा भएर गएको छ महिना पनि नबित्दै पुनः लुम्बिनी प्रदेशमा सरुवा गरिएको छ ।

अहिले हरेक दिन खाद्य गुणस्तर परीक्षणका लागि मोबाइल भ्यानमार्फत अनुगमन निरन्तर गरिरहेको अवस्थामा कर्णको सरुवा हचुवाको भरमा भएको र मन्त्री अधिकारीलाई जानकारी नै नदिई सरुवा भएकाले मन्त्रीले नै प्रदेशमा कामकाजमा जान रोकेको बताइएको छ ।

सहसचिवहरू सरुवा र तोकिएको कार्यालयमा नगएको विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्तासमेत रहेकी खाद्य सुरक्षा खाद्य प्रविधि महाशाखा प्रमुख डा. मतिना जोशी वैद्यले कुनै प्रतिक्रिया दिन चाहिनन् । यसअघि दुईपटक खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा महानिर्देशक बनिसकेकी डा. वैद्यलाई पुनः विभागको महानिर्देशक बनाउनका लागि कृषि मन्त्रालयका कृषितर्फका सचिव गोविन्दप्रसाद शर्मा लागिपरेका छन् ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका रहँदा पटक-पटक विवादमा मुछिएकी मतिनालाई पुनः त्यहीँ महानिर्देशकका रूपमा लैजानका लागि मन्त्री अधिकारीलाई सचिव शर्माले पहल गरिरहेका छन् । नेपाली कांग्रेसनिकट मानिएका सचिव शर्मा अहिले कांग्रेसकै मन्त्री असफल हुनेगरी किन सरुवाको खेलमा लागिरहेका छन् भन्ने प्रश्न उठ्न थालेको बताउँछन् ।

# प्रतिष्ठाको लडाइँ स्ववियु चुनाव

■ **जेबी योञ्जन**




- आफ्नो विद्यार्थी संगठनलाई पहिलो बनाउने होडमा दलहरु
- विभिन्न क्याम्पसमा गठबन्धन
- ५ चैतमा ६२ वटा आंगिकसँगै एक हजारभन्दा बढी क्याम्पसमा चुनाव हुँदै
- दलनिकट विद्यार्थी संगठनसँगै स्वतन्त्र उम्मेदवार पनि प्रतिस्पर्धामा
- देशभरका ३२ वटा क्याम्पसमा एमालेनिकट अनेरास्ववियु, २८ क्याम्पसमा कांग्रेसनिकट नेविसंघ, २१ क्याम्पसमा माओवादी केन्द्रनिकट अखिल क्रान्तिकारी र एउटा क्याम्पसमा एकीकृत समाजवादीनिकट अनेरास्ववियु निर्विरोध

**काठमाडौं–** स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को चुनावलाई दलहरूले प्रतिष्ठाको विषय बनाएका छन् । निकट विद्यार्थी संगठनले जसरी पनि चुनाव जित्नैपर्ने मनस्थितिमा दलहरू देखिएका हुन् । त्यसका लागि गठबन्धन गराएका छन् ।

उसो त स्ववियु चुनावलाई पछिल्लोपटक उदाएका दलहरूप्रतिको धारणा पनि अभिव्यक्त हुने रूपमा हेरिएको छ । दलहरूप्रति निराशा छ भन्ने जुनखाले सन्देश प्रवाहित भइरहेको छ, त्यसको मापन पनि स्ववियु चुनावमा हुने विश्लेषण हुने गरेको छ । त्यसैले, दलहरूले पनि स्ववियु चुनावको नतिजालाई गम्भीररूपमा हेरिहेका छन् ।

अर्कातिर संगठनभित्र व्यक्तिको लोकप्रियता पनि स्ववियु चुनावबाट मापन हुने छ । अहिले कतिपय संगठनका नेताहरूले टिकट नपाएको झोँकमा बागी उम्मेदवारी पनि दिएका छन् । विशेषतः नेविसंघमा त्यो समस्या देखिएको छ । पार्टी केन्द्रमा देखिएको गुटका आधारमा टिकट वितरण भएपछि नेविसंघ चिरा परेको देखिन्छ । कतिपयले बागी उम्मेदवारी दिएका छन् भने कतिले स्वतन्त्र उम्मेदवारी पनि भएका छन् । उनीहरूको लोकप्रियताको मापन पनि यही चुनावले गर्ने छ ।

चुनावमा गठबन्धन धेरै ठाउँमा भएका छन् । कुनै एक विद्यार्थी संगठनको बलियो पकड रहेको क्याम्पसमा दलहरूले नै अन्य विद्यार्थी संगठनहरूलाई गठबन्धनमा गोलबद्ध गराएको देखिएको छ ।

काठमाडौंको त्रिचन्द्र कलेजमा कांग्रेसनिकट नेविसंघविरुद्ध एमालेनिकट अनेरास्ववियु, माओवादीनिकट अनेरास्ववियु क्रान्तिकारीसहित सात विद्यार्थी संगठनको गठबन्धन छ । अनेरास्ववियुको पकड रहेको रत्न राज्यलक्ष्मी (आरआर) क्याम्पसमा अनेरास्ववियुले नै नेकपा एकीकृत समाजवादीनिकट अनेरास्ववियुसँग गठबन्धन गरेको छ । अखिल क्रान्तिकारी, वैज्ञानिक समाजवादी विद्यार्थी, समाजवादी विद्यार्थी युनियनसहितले गठबन्धन गरेका छन् । यस्तै, अखिल क्रान्तिकारीको पकड मानिने नेपाल ल क्याम्पसमा अन्य विद्यार्थी संगठनहरूको गठबन्धन छ ।

स्ववियु चुनाव हेर्ने जिम्मा पाएका माओवादी नेता हिमाल शर्माले यसपटक अनेरास्ववियु क्रान्तिकारीले धेरै ठाउँ चुनाव जित्ने र त्यसको तयारी भइसकेको बताएका छन् । कांग्रेसबाट स्ववियु चुनावमा सहजीकरण गर्ने जिम्मेवारी पाएका सहमहामन्त्री किशोरसिंह राठोरले नेविसंघलाई अधिक क्याम्पसमा चुनाव जिताउनु आफ्नो कर्तव्य हुने बताएका छन् । 'हाम्रो लक्ष्य धेरै क्याम्पसमा चुनाव जिताएर नेविसंघलाई पहिलो बनाउनु हो । त्यसका लागि हामी खटिरहेका छौं,' उनले भने ।

अघिल्लो चुनावको परिणामको आधारमा ठूलो विद्यार्थी संगठन एमालेनिकट अनेरास्ववियु हो । यही संगठनका उपाध्यक्ष नारायण घर्तीले चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेर अनेरास्ववियु चुनावमा होमिएको बताएका छन् । उनले स्ववियुलाई विद्यार्थीको हक, हित र अधिकारको संरक्षक निकायमात्रै नभई देशको शैक्षिक प्रणाली समायानुकूल सुधारका लागि पैरवी गर्ने संस्थाको रूपमा विकास गर्न चाहेको बताएका छन् । क्याम्पसमा हुने अनियमितता, भ्रष्टाचारजस्ता विकृतिको भण्डाफोर गर्दै सुदृढ क्याम्पस बनाउने एजेण्डा अनेरास्ववियुको भएको बताए ।


क्रमशः पृष्ठ २ मा


# शंकाको घेरामा 'लिभिङ टुगेदर'मा बसेकी युवती

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दुई साताअघि निधन भएका गायक तथा संगीतकार विक्रम राईको मृत्युलाई परिवारजनले स्वाभाविक नभएको भन्दै अनुसन्धानका लागि प्रहरी गुहारेको छ । काठमाडौंको अनामनगरस्थित हरसुङमा अर्गानिक खाजा घरबाट गत १७ फागुनमा विक्रमलाई बेहोस् अवस्थामा उद्धार गरिएको थियो । उनको बागबजारस्थित काठमाडौं मोडल अस्पतालमा पुऱ्याएको केही समयमै चिकित्सकले मृत्यु घोषणा गरेको थियो ।

घटनाको दुई सातापछि विक्रमका दाजु गणेशले घटना शंकास्पद भएको र विक्रमसँग 'लिभिङ टुगेदर'मा बसेकी एक गायिकालाई अनुसन्धानको दायरामा ल्याउन माग गरेका छन् । ती गायिका पनि खोटाङकै हुन् । गणेशले भनेका छन्, 'विक्रमले बोक्दै आएको दुई थान मोबाइललगायतका कुनै पनि सामग्री हाम्रो परिवारलाई प्राप्त नहुनुले पनि घटना शंकास्पद बन्दै गएको छ । यसबाहेक पनि घटनास्थल बाहिरको सिसिटिभी फुटेजले हामीलाई अझ शंकालु बन्न बाध्य बनाएको छ ।'



विक्रम राई मृत्यु प्रकरण

१७ फागुनको बिहान २ बजेर २७ मिनेटमा विक्रमसँगको झगडाको अडियो भिडियो ती गायिकाले विक्रमकी दिदी अमितालाई पठाएको भेटिएको छ । यसबाहेक सार्वजनिक भएको सिसिटिभी फुटेजमा घटनास्थल भएको खाजाघरको सटर अघिल्तिर राति ३ बजेतिरदेखि दुई जना युवा आपसमा गफिरहेको देखिएको छ ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भ: वैदेशिक रोजगार**

# अभिमुखीकरण तालिम फितलो हुँदा स्वास्थ्य समस्या झेल्दै विदेसिएका श्रमिक

■ **ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने कामदारले पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्ने व्यवस्था छ । तर, वैदेशिक रोजगार व्यवसायी र अभिमुखीकरण तालिमप्रदायक कम्पनीहरूको मिलेमतोमा यस्तो तालिम फितलो बनाइँदा विदेश पुगेपछि श्रमिकहरू विभिन्न समस्यामा पर्ने गरेका छन् । ती समस्यामध्ये स्वास्थ्य पनि एक जटिल समस्या बनेको पाइएको स्वास्थ्यविद्हरूले बताएका छन् ।

स्वास्थ्यविद् डा. खेम कार्की श्रमिकहरूलाई मुलुकअनुसारको पूर्वप्रस्थान अभिमुखीकरण तालिम नदिइँदा यस्तो समस्या निम्तिएको बताउँछन् । कति पानी पिउने, आराम कसरी लिने, तातोबाट कसरी बच्नेजस्ता कुराहरू अभिमुखीकरणमा नसिकाइने गरेको उनको भनाइ छ । 'एड्सबाट कसरी बच्ने भन्नेबाहेक केही सिकाइँदैन,' उनी भन्छन् ।



> श्रमिकहरूलाई मुलुकअनुसारको पूर्वप्रस्थान अभिमुखीकरण तालिम नदिइँदा स्वास्थ्य समस्या जटिल बन्दै गएको देखिन्छ । कति पानी पिउने, आराम कसरी लिने, तातोबाट कसरी बच्नेजस्ता कुराहरु अभिमुखीकरणमा सिकाइने गरेको पाइँदैन । एड्सबाट कसरी बच्ने भन्नेबाहेक केही सिकाइँदैन ।
>
> ● **डा. खेम कार्की**
> स्वास्थ्यविद्

श्रमिकलाई स्वास्थ्य समस्याबाट बचाउन सरोकारवालाले श्रमिकहरूलाई त्यहाँको वातावरणमा घुलमिल हुने वातावरण सिर्जना गर्नुपर्ने उनको भनाइ छ । त्यहाँ पुगेपछि पनि तत्कालै काममा लगाइहाल्ने भन्दा पनि १५-२० दिन जति त्यहाँको हावापानीमा घुलित हुनलाई राख्नुपर्छ । एकैचोटिभन्दा पनि क्रमशः कामा लाग्ने गर्नेजस्ता काम गरे समस्याको केही हल हुने उनको भनाइ छ । कतिपय श्रमिकले रोजगारीमा जाँदा रोग लुकाउने गर्दा पनि स्थिति थप जटिल हुने गरेको उनको भनाइ छ ।

यस्तो समस्या विशेषगरी खाडी मुलुकमा पाइएको छ । ती मुलुकमा गएका श्रमिकहरू विभिन्न स्वास्थ्य समस्या बोकेर आउने गरेको पाइएको हो । विशेषगरी कार्यालयबाहिर घाममा काम गर्नेहरूमा विभिन्न स्वास्थ्य समस्या देखिने गरेको वैदेशिक रोजगार बोर्डका अधिकारीहरू बताउँछन् ।



> पछिल्लो समय सबै स्थानीय तहमा तालिमप्राप्त रोजगार संयोजक तोकिएकाले श्रमिकहरूले सहायताको विषयमा थाहा पाएका छन् । त्यसयता सहायता माग गर्नेको संख्या बढेको छ । उनीहरु विशेषगरी खाडी मुलुकबाट फर्किएका हुन्छन् ।
>
> ● **टीकाराम ढकाल**
> प्रवक्ता, वैदेशिक रोजगार बोर्ड

बोर्डको तथ्यांकअनुसार चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्मको आठ महिनामा ४२५ जनाले बिरामी तथा अंगभंग शीर्षकमा आर्थिक सहायता लिएका छन् । साउनमा १९, भदौमा ४५, असोजमा ७२, कात्तिकमा ३८, मंसिरमा ५०, पुसमा ८६, माघमा ३२, र फागुनमा ८३ जनाले सहायता लिएका छन् । सहायता लिनेमा करिब ९५ प्रतिशत श्रमिक खाडीमा काम गर्ने रहेका छन् । बिरामी भएर फर्किएकामध्ये अधिकांशमा मिर्गौलाको समस्या देखिएको तथ्यांक छ । प्रत्येक महिना पाँच जनादेखि १३ जनासम्म मिर्गौलाका बिरामी नेपाल फर्किएको बोर्डको तथ्यांक छ । त्यसबाहेक हृदयघात, क्यान्सर, मधुमेहजस्ता समस्याबाट श्रमिकहरू पीडित छन् । चालु आर्थिक वर्षको फागुनसम्म बोर्डले १३ करोड ९२ लाख ९३ हजार रूपैयाँ सहायतास्वरूप प्रदान गरेको छ ।

अस्वस्थ भएर फर्किनेहरू बढेको भन्दा पनि सहायता दिन आउनेहरूको संख्यामा वृद्धि भएको बोर्डका प्रवक्ता तथा सूचना अधिकारी टीकाराम ढकाल बताउँछन् । पछिल्लो समय सबै स्थानीय तहमा तालिमप्राप्त रोजगार संयोजक तोकिएकाले मानिसहरूले सहायताको विषयमा थाहा पाएको उनको भनाइ छ । 'यो आर्थिक वर्षमा ५०० भन्दा बढी स्थानीय तहमा तालिम दियौं ।


क्रमशः पृष्ठ २ मा



**जनहितमा जारी सन्देश**

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौँ । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔँ ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# आधारशिविर पुग्यो 'आइसफल डाक्टर'को टोली

**सोलुखुम्बु (प्रस)–** सगरमाथाको दोस्रो शिविरसम्म बाटो बनाउन खटाइएको 'आइसफल डाक्टर'को टोली आधारशिविर पुगेको छ । टोलीले शनिबारदेखि आधारशिविर 'क्याम्प सेट' सुरु गरेको सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) का अध्यक्ष लामाकाजी शेर्पाले जानकारी दिए ।

आगामी सातादेखि टोलीले बाटो बनाउन सुरु गर्ने एसपिसिसीले जनाएको छ । उक्त टोलीले दोस्रो शिविरसम्म डोरी टाँग्ने, भऱ्याङ राख्नेलगायतका काम गर्ने छ । यसपटक छिरिङ तेञ्जिङ शेर्पासहित आठजना अनुभवी 'आइसफल डाक्टर'का टोली खटिएका छन् । आङसर्की शेर्पा र दावाजाङ्बु शेर्पाको नेतृत्वमा दुई छुट्टा-छुट्टै टोली गठन गरिएको छ । टोलीमा मिङ्मा ग्याल्जेन शेर्पा, दावाछिरी शेर्पा, दावानुरु शेर्पा, निमतेञ्जी शेर्पा, तेन्डु शेर्पा र लाक्पासोना शेर्पा रहेका छन् ।

आधारशिविरदेखि खुम्बु आइसफल हुँदै दोस्रो शिविरसम्मको रुट खोल्ने जिम्मा पर्यटन विभागले सन् १९९७ देखि एसपिसिसीलाई दिँदै आएको हो । यस वर्ष आठ जना 'आइसफल डाक्टर' र सहयोगीसहित गरी करिब ३० जनाको टोलीले एक महिनासम्म सो क्षेत्रमा काम गर्ने अध्यक्ष शेर्पाले बताए । आइसफल डाक्टरको टोलीले आधारशिविरदेखि दोस्रो शिविरसम्मको 'रुट' तयार गरिसकेपछि मात्र आरोहीहरूले आरोहण गर्ने र त्यसभन्दा माथिको 'रोप फिक्सिङ'को अनुमति पाउँछन् । यस वर्षको आइसफल डाक्टरहरूले दोस्रो शिविरसम्म रुट खोल्नका लागि करिब ८० लाख रूपैयाँ लाग्ने एसपिसिसीको अनुमान छ । एसपिसिसीले प्रत्येक विदेशी आरोहीबाट ६०० डलरका दरले शुल्क लिने गरेको छ भने नेपालीलाई आरोहीलाई शुल्क लाग्दैन ।

सगरमाथाको दोस्रो शिविरसम्म जाने बाटो निर्माण गर्न खुम्बु आइसफल क्षेत्र जोखिमयुक्त भाग हो । आइसफल डाक्टररुले जोखिमपूर्ण स्थानमा भऱ्याङ राख्ने, डोरी टाँग्ने, हिउँ तथा बरफको अस्थिर संरचनालाई हटाउने गर्छन् । हिउँका कारण छिनछिनमा बिग्रिने भएकाले बाटो बनाउन कठिन हुने 'आइसफल डाक्टर'का अगुवा आङसर्कीले बताए ।

पृष्ठ १ बाट क्रमशः

## प्रतिष्ठाको...

स्ववियु चुनावमा मतदान हुनुअघि नै ३२ वटा क्याम्पसमा अनेरास्ववियु निर्विरोध भइसकेको छ । २८ क्याम्पसमा नेविसंघ, २१ क्याम्पसमा अखिल क्रान्तिकारी र एउटा क्याम्पसमा एकीकृत समाजवादीनिकट अनेरास्ववियु निर्विरोध भएका छन् । नेविसंघले शुक्रबार चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । घोषणापत्रमा 'स्पार्क मुमेन्ट' प्याकेजसहितको कार्यक्रम समेटिएका छन् ।

नेविसंघका प्रवक्ता सुरज सेजुवालका अनुसार घोषणापत्रमा प्राविधिक शिक्षा, राष्ट्रिय उपलब्धि अध्ययन, भूगोल विशेष विद्यार्थी समन्वय, त्रिभुवन विश्वविद्यालय सुधार, कानुन संकाय समन्वय, मिडिया समन्वय, विज्ञान तथा प्रविधि समन्वय, प्रविधि व्यवस्थापन, चिकित्सा शिक्षा समन्वय, व्यवस्थापन तथा अर्थशास्त्र अध्ययन, कला संस्कृति तथा साहित्य, तथा उद्यमशीलता विकास अध्ययनजस्ता विषय 'स्पार्क मुभमेन्ट'मा समेटिएका छन् । माओवादी केन्द्रनिकट विद्यार्थी संगठन अनेरास्ववियु क्रान्तिकारीले भने प्रतिबद्धतापत्र सार्वजनिक गरेकै छैन । उक्त संगठनका उपाध्यक्ष विराज थापाले स्थानीय अनुकूलतामा आधारित रहेर चुनावी घोषणापत्र तयार गर्न निर्देशन दिइसकेको बताएका छन् ।

स्ववियु चुनावमा विभिन्न दलनिकट विद्यार्थी संगठनहरू होमिएका छन् । ठाउँठाउँमा स्वतन्त्र विद्यार्थीहरू पनि प्यानलै खडा गरेर चुनावमा उत्रिएको देखिएको छ । प्रभावशाली कलेजमा कसले जित्छ भन्ने चासो बढेको छ । विभिन्न विद्यार्थी संगठनले किल्लाको रूपमा केही कलेजमा प्रभाव जमाएका छन् । काठमाडौंको त्रिचन्द्र कलेज, पद्मकन्या कलेज र पशुपति कलेजमा कांग्रेसनिकट विद्यार्थी संगठनको प्रभाव छ । अन्य दलनिकट संगठनले स्ववियु जित्न नै नसक्ने अवस्था रहेको बताइन्छ । ती कलेजमा नेविसंघले किल्ला बनाएजस्तै आरआर, महेन्द्ररत्न ताहाचललगायतका कलेजमा एमाले अखिलको प्रभाव छ । पाटन बहुमुखी र सानो ठिमी कलेजमा माओवादीनिकट अखिल क्रान्तिकारीको प्रभाव छ । नेपाल ल, विश्व भाषालगायतका केही कलेजमा भने मिश्रित परिणाम आउने गरेको छ ।

शंकरदेवमा एमालेनिकट विद्यार्थी संगठनको प्रभाव छ । पोखराको पृथ्वीनारायण क्याम्पसमा पनि एमालेनिकट अखिलकै प्रभाव छ । केन्द्रीय क्याम्पस त्रिभुवन विश्वविद्यालयमा भने मिश्रित परिणाम आउने गरेको छ । मोरङको महेन्द्र मोरङ र डिग्री क्याम्पस, चितवनको वीरेन्द्र बहुमुखी क्याम्पस, बुटवल बहुमुखी क्याम्पसलगायतका काठमाडौंबाहिर ठूला क्याम्पसमा कसको प्रभाव रहन्छ भन्नेले पनि संगठनको प्रभाव जाँचिन्छ । त्यसैले, विद्यार्थी संगठनहरू यतिबेला एकले अर्कोको किल्ला भत्काउने रणनीतिमा छन् ।

स्ववियु चुनाव यही ५ चैतमा हुँदै छ । चुनावमा विभिन्न राजनीतिक दलनिकट विद्यार्थी संगठनमात्र होइन, स्वतन्त्र उम्मेदवारसमेत प्रतिस्पर्धामा उत्रेका छन् । ६२ वटा आंगिकसँगै एक हजारभन्दा बढी क्याम्पसमा चुनाव हुँदै छ ।

■■■

## अभिमुखीकरण...

तालिमप्रप्त फोकल पर्शन या रोजगार संयोजकले आफ्नो क्षेत्रका समस्याहरू हेर्छ, रोजगारीमा गएका व्यक्तिका परिवारलाई यस्ता विषयमा जानकारी गराउँछन् । त्यसकारण पनि सहयोग लिन आउनेहरू बढेको हुनुपर्छ,' उनले भने । यद्यपि बिरामी भएर आउनेहरू अधिकांश खाडी मुलुक गएकाहरू नै रहेको उनको भनाइ छ ।

चिसो ठाउँमा हुर्किएका नेपालीहरू खाडीको अत्यधिक गर्मीमा पुगेर काम गर्दा त्यहाँको हावापानीमा घुलमिल हुन नसक्ने स्वास्थ्यविद् डा. कार्की बताउँछन् । 'गएको भोलिपल्टैदेखि ४२-४५ डिग्रीको तापक्रममा काम गर्ने, पर्याप्त पानी नपिउने, रातभरि एसीमा बस्ने, दिनभरि गर्मीमा काम गर्दा हाम्रो शरीरका प्रक्रियाहरू एकदमै प्रेसरमा रहेर काम गर्छन् । हाम्रो मुलुक र खाडीको खानपान, हावापानी, कामको प्रकृति केही पनि मिल्दैन,' उनी भन्छन्, 'वातानुकूलित नभइकन सीधै काम गर्दा मानिसहरूमा विभिन्न खाले स्वास्थ्य समस्या देखिएको हो ।'

अत्यधिक गर्मीमा काम गर्ने श्रमिकले पर्याप्त पानी नपिउँदा समस्या देखिएको उनको भनाइ छ । 'हाम्रो शरीरले पिसाव र पसिनाबाट जति पानी फाल्छ त्यति नै पानी पिउनुपर्छ । तर त्यहाँ त कामदारले काम गरिहने, पसिना बगाइरहने तर पानी नपिउने गरिदिन्छन् । कतिपय ठाउँमा पानीको उपलब्धता पनि हुँदैन,' उनी भन्छन्, 'कतिपय श्रमिक पानी नबोकी हिँड्छन्, यी विभिन्न समस्याले गर्दा फर्किएर आउँदा मिर्गौलाकै समस्या बोकेर आउँछन् धेरै त ।'

■■■

## शंकाको घेरामा...

३ बजेर ३१ मिनेट जाँदा आरोपित गायिका भित्रबाट गेटसम्म आएर गेट खोली केही भनेको जस्तो देखिएको दाबी गणेशको छ । ३ बजेर ४० मिनेट जाँदा खाजा घरको भित्रपट्टिको ढोका खोलेर गेट-ढोका ओहोरदोहोर गरेको, यो क्रम ३ बजेर ४५ मिनेट जाँदासम्म चलेको र त्यही अवधिमा सोही घरको अर्को कोठामा बस्ने एक युवा गेटबाट फोन गर्दै निस्कनु र केही सेकेण्डमै भित्र छिरेको दृश्य पनि देखिएको गणेशले बताए ।

उनका अनुसार ३ बजेर ५४ मिनेट जाँदा पनि पुनः गायिका बाहिर निस्केर अत्तालिएको दृश्य देखिएको र ३ बजेर ५६ मिनेटमा प्रहरीको गाडी आएको, सोही गाडीमा विक्रमलाई हालेर अस्पताल लगिएको दृश्य छ । यी आधारले विक्रमको मृत्यु घटना शंकास्पद देखिएको उनको दाबी छ ।

आरोपी गायिकाले भने गणेशको दाबीलाई अस्वीकार गरेकी छन् । उनले लामो स्टाटस फेसबुकमा लेख्दै आफ्नो चरित्र हत्या गर्न खोजिएको भन्दै आपत्ति जनाएकी छन् । उनले आफूले माया गर्ने विक्रमको घटनाले पीडामा रहँदा परिवारको तर्फबाट थप पीडा दिने काम भएको भन्दै दुःखेसो पोखेकी छिन् ।

उनले घटना भएको राति गायक तथा संगीतकार विजय मगर, गायक साहिल लिम्बूलगायतसँग विक्रमले लुँडो खेल्दै लोकल कुखुराको माससँग लोकल रक्सी र बियर खाएको बताएकी छन् । राति अबेर विजय, साहिललगायत कोठामा गएको र विक्रम मातेर लठ्ठै भएर आफूलाई बियरको बोटलले हानेको, आफू रुँदै बसेको बताएकी छिन् । उनले विक्रमकी दिदी अमितालाई कल गरेको तर कल रिसिभ नगरेको उल्लेख गरेकी छन् । उनले मातेर लठ्ठ भएका विक्रम सोफामै ढल्किएको र सुत्यो भनेर लडाएर ओछ्याउनमा सुताउन खोज्दा लुत्रुक्क परेको बताएकी छन् ।

'सोफामा ठाडै सुतेको थियो । 'कान्छा' भन्दा लुत्रुक्क भयो । बोलेन । आत्तिएँ । छाति छामे हातहरू सब सुम्सुमाएँ अनि भुइँमा सोफाको कपडा ओछ्याएर काखमा राखेर बोलाएँ । पानी खुवाएँ । धेरै आतिएँ,' उनले भनेकी छन् । अन्ततः उपचारमा लैजाँदा विक्रमको निधन भएको उनले बताएकी छन् । यता प्रहरीले भने शव परीक्षण प्रतिवेदनले विक्रमको मृत्युको कारण नखुलेको जनाएको छ । अब फरेन्सिक रिपोर्टले मृत्युको कारण खुल्ने अपेक्षा प्रहरीको छ । तर, घटना भने प्रहरीले पनि शंकास्पद नै मानेको छ ।


सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सेती प्रादेशिक अस्पताल**
धनगढी, कैलाली

**बोलपत्र स्वीकृतको आशय सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति २०८१/१२/०३)

यस अस्पतालमा आ.ब. २०८१/०८२ मा अस्पताल फार्मेसी सञ्चालनका लागि आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामानहरू आपूर्ति गर्ने कार्यका लागि दर्ता भएका तपसिल अनुसारका बोलपत्रदाताले पेश गरेको कबोल अंक (मू.अ.कर सहित) न्यूनतम मूल्याङ्कित र सारभूतरूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि अनुरोध छ ।

तपसिल :
ठेक्का नं. SPH/NCB/Goods/०७/२०८१/०८२

| सि. नं. | फर्मको नाम थर | न्यूनतम मूल्याङ्कित रकम (मू.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|
| १. | भगवती साइन्टिफिक एण्ड ट्रेडिङ्ग अर्डर सप्लायर्स धनगढी | २७००८६६६.०० | |
| २. | पि.एन.पि.ग्रुप धनगढी कैलाली | १४६५७०२०.०० | |
| ३. | सम्झना सर्जिकल एण्ड सप्लायर्स धनगढी | ५६८१४११०.०० | |

प्र.मे.सु.



**साउदीमा रोजगार** कम्पनी : Sahoul Al Maram For Serving Meals Company
पूर्व स्वीकृति मिति : २०८१/१२/०१ LT. No. 320342 चलानी नं. ६०२३४५२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 35 | 0 | 1000 | ३८,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १० गते (23rd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



**साउदीमा रोजगार** कम्पनी : LEHAA AGRICULTURAL PRODUCTION COMPANY
पूर्व स्वीकृति मिति : २०८१/१२/०२ LT. No. 320349 चलानी नं. ६०२३४५३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 10 | 0 | 1000 | ३७,०५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAASHAN READY MIX CONCRETE WORKS
पूर्व स्वीकृति मिति : २०८१/१२/०२ LT. No. 320350 चलानी नं. ६०२३२८६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1800 | ३७,०५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DAR ABU HAITHAM GENERAL CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/१२/०२ LT. No. 320351 चलानी नं. ६०२३४५३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer & Unloading | 4 | 0 | 1000 | ३७,०५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १० गते (23th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951
श्रम ईजाजत नं. ७९४/०६५/०६६


## सच्याइएको

प्रभाव दैनिक, अंक ३१५ मिति: २०८१/११/२७ गते प्रकाशित भएका प्रवाह बहुउद्देश्य सहकारी संस्था लिमिटेडको धितोमा रहेको अचल सम्पत्ति लिलाम गर्ने १५ (पन्ध्र) दिने सार्वजनिक सूचना जारी गरिएको सूचनाको सातौं हरफमा अत उल्लेखित म्यादभित्र हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सरोकारवालाहरू सबैमा जानकारी गराइन्छ ।


**युएइमा रोजगार** कम्पनी : RAK Cleaning Solutions LLC
पूर्व स्वीकृति मिति : २०८१/१२/०२ LT. No. 320312 चलानी नं. ६०२३४४५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clenaer | 100 | 100 | 800 | ३०,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Azzurro Building Cleaning and Pest Control LLC
पूर्व स्वीकृति मिति : २०८१/१२/०२ LT. No. 320313 चलानी नं. ६०२३४४५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clenaer | 50 | 100 | 800 | ३०,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १० गते (23th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com
श्रम ईजाजत नं. 267/058/059



**युएइमा रोजगार** कम्पनी : Ocean7 Recruitment - Sole proprietorship L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/११/२८ LT. No. 320067 चलानी नं. ६०२३४३७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/labour | 100 | 0 | 800 | ३०,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter/ Construction Carpenter | 25 | 0 | 1200 | ४५,५७५ | | | | | | | |
| 3 | Mason (Nepal) | 40 | 0 | 1200 | ४५,५७५ | | | | | | | |
| 4 | Scaffolder | 10 | 0 | 1200 | ४५,५७५ | | | | | | | |
| 5 | Steel Fixer | 25 | 0 | 1200 | ४५,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १० र ११ गते (23 & 24 Mar. 2025) मा हुनेछ ।
नोट: साथै यस कम्पनीको लागि Safety Officer, Storekeeper, Air Conditioning, Fitter, Tig Welder, Mig Welder, Tech Welder, Gas Cutter, Grinderman को पनि आवश्यकता हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED
Kathmandu, Nepal, Tel: 01-4547203/04, Mobile: 9767982815 / 9841980236
E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com
Govt. License No. 1694/081/082


## आजको राशिफल

आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

आइतबार, ०३ चैत, २०८१

- **मेष** स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने ।
- **वृष** नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ ।
- **मिथुन** आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ ।
- **कर्कट** आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव ।
- **सिंह** दिगो कामको जग बसाउन सकिने छ ।
- **कन्या** साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने ।
- **तुला** विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने ।
- **वृश्चिक** नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ ।
- **धनु** सुखद् समाचारले उत्साह जगाउन छ ।
- **मकर** रमाइलो जमघटमा सहभागी बन्ने अजसर ।
- **कुम्भ** व्यस्तताले शरीरमा कमजोरी पना आउने ।
- **मीन** तत्काल फाइदाले परिस्थिति बिग्रने छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्ड्स् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ चैत, २०८१ (१६, मार्च २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.९० | १३९.५० |
| युरो | १ को | १५०.९५ | १५१.६० |
| पाउन्ड स्टिर्लङ | १ को | १७९.८५ | १८०.६२ |
| स्विस फ्रेन्क | १ को | १५७.४७ | १५८.१५ |
| अस्ट्रेलियन डलर | १ को | ८७.३५ | ८७.७२ |
| क्यानाडियन डलर | १ को | ९६.६० | ९७.०२ |
| सिङ्गापुर डलर | १ को | १०४.०१ | १०४.४६ |
| जापानी येन | १० को | ९.३८ | ९.४२ |
| चिनियाँ युआन | १ को | १९.१७ | १९.२५ |
| साउदी अरब रियाल | १ को | ३७.०४ | ३७.२० |
| कतारी रियाल | १ को | ३८.११ | ३८.२७ |
| थाई भाट | १ को | ४.११ | ४.१३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.८२ | ३७.९८ |
| मलेसियन रिङेट | १ को | ३१.३० | ३१.४३ |
| दक्षिण कोरियन वन | १०० को | ९.५४ | ९.५९ |
| स्विडिस क्रोनर | १ को | १३.६५ | १३.७१ |
| डेनिस क्रोनर | १ को | २०.२४ | २०.३३ |
| हङकङ डलर | १ को | १७.८७ | १७.९५ |
| कुवेती दिनार | १ को | ४५०.८४ | ४५२.७९ |
| बहराइन दिनार | १ को | ३६८.४७ | ३७०.०७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# आजबाट सञ्चालनमा आउँदै उपभोक्ता अदालत

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपभोक्ता अदालत आजबाट औपचारिकरूपमा सञ्चालनमा आउँदै छ। अदालतको उद्घाटन भने शनिबार गरिएको छ । विश्व उपभोक्ता अधिकार दिवसका अवसरमा शनिबार आयोजितसमारोहमाप्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले उपभोक्ता अदालत उद्घाटन गरेका हुन् ।

उपभोक्ता अदालत उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४४ बमोजिम गठन गरिएको हो । सरकारले छ वर्षअघि ऐन जारी गरेको भए पनि बल्ल अदालत गठन गरेको हो । नेपालको संविधानमा उपभोक्ता अदालत सुनिश्चित गरिएको भने नौ वर्ष बितिसक्यो ।

अदालत उद्घाटन गर्दै प्रधानन्यायाधीश राउतले उपभोक्ताको अधिकारलाई संविधानले मौलिक हकका रूपमा स्थापित गरिसकेको र गुणस्तरीय वस्तु तथा सेवामा उपभोक्ताको न्यायिक उपचार पाउने अधिकार सुनिश्चित भएको बताए । उनले उपभोक्ता अदालतको कार्यक्षेत्र व्यापक भएकाले यसको अधिकार क्षेत्र थप स्पष्ट पार्दै लैजानुपर्ने आवश्यकता औंल्याए । साथै, अदालतले प्रभावकारी न्याय सम्पादन गरेर उपभोक्ताको विश्वास जित्नुपर्नेमा उनले जोड दिए । 'अदालतले उपभोक्ताको विश्वास जित्दै स्थापित हुनुपर्ने जिम्मेवारी पनि छ,' उनले भने, 'त्यसैले अदालतले न्यायिक सक्रियता देखाउँदै परिणाममुखी काम गर्न आवश्यक छ ।'

सोही कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्वच्छ र प्रतिस्पर्धी बजार प्रवर्द्धन गर्न तथा उपभोक्ताको अधिकार सुनिश्चित गर्न उपभोक्ता अदालतको स्थापना भएको बताए । उनका अनुसार प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै सरकार उपभोक्ता हितका लागि निरन्तर अनुगमन गरिरहेको छ। चाडपर्वमा प्रभावकारी अनुगमनको व्यवस्था गरिएको र उपभोक्ता अधिकार संरक्षणका लागि अदालतको भूमिका महत्त्वपूर्ण हुनेमा उनले विश्वास व्यक्त गरे ।

मन्त्री भण्डारीले सरकारको प्राथमिकतामा नै उपभोक्ता अदालतको स्थापना रहेको उल्लेख गर्दै यसको न्यायिक प्रक्रियालाई सहज बनाउन आवश्यक कदम चाल्ने प्रतिबद्धता जनाए । अदालतको कार्यान्वयनमा देखापर्ने सम्भावित चुनौतीहरू सम्बोधन गर्न सरकारले आवश्यक नीति तथा कार्यक्रम ल्याउने जानकारी पनि उनले दिए ।

महान्यायाधिवक्ता रमेश वडालले उपभोक्ता अदालतको स्थापना न्यायिक सुधारको दिशामा महत्त्वपूर्ण कदम भएको बताए । उनले उपभोक्ता संरक्षण दिवस सबै नागरिकका लागि सरोकारको विषय भएको उल्लेख गर्दै उपभोक्ता अदालतमा आउने मुद्दाहरूका प्रकारबारे स्पष्टता आवश्यक रहेको बताए । 'उत्पादन मिति मेटाइएका सामान, डिजिटल उपभोक्ता अधिकारलगायतका अनेक खालका उजुरीहरू अदालतमा आउने छन् । आमनागरिकलाई यी विषयमा जानकारी हुन आवश्यक छ,' उनले भने । उपभोक्ता अदालतमा सरकारका तर्फबाट मुद्दाको बहस पैरवी विशेष अदालतका सरकारी वकिलहरूले गर्ने पनि उनले स्पष्ट पारे ।

प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिका सभापति अब्दुल खाँणले उपभोक्ता हक कार्यान्वयनका चरणमा रहेको बताए । उनले उपभोक्ता अधिकार संरक्षणमा अझ जिम्मेवार बन्न सरकारलाई निर्देशन दिएको उल्लेख गर्दै नवगठित उपभोक्ता अदालतको प्रभावकारी कार्यान्वयनका लागि ठोस नीति आवश्यक रहेको औंल्याए । उनले सबै सीमानाकामा गुणस्तर परीक्षण प्रयोगशाला (ल्याब) स्थापना गर्न सरकारलाई निर्देशन दिइसकेको बताए ।

काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाभित्रका उपभोक्तासम्बन्धी मुद्दाको कारबाही तथा किनारा गर्ने क्षेत्राधिकारसहित उपभोक्ता अदालत गठन भएको हो। उपभोक्ता अदालतमा काठमाडौं जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मालाई अध्यक्षको जिम्मेवारी दिइएको छ । त्यस्तै, न्याय समूहअन्तर्गत राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत गेहेन्द्रराज रेग्मी र सामान्य प्रशासन समूहका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत आनन्दराज पोखरेललाई सदस्य तोकिएको छ ।

# 'जलवायु परिवर्तनका असर घटाउन बाह्य सहयोग अपरिहार्य'

**काठमाडौं (प्रस)–** वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु परिवर्तनको असरबाट मुलुक नराम्ररी प्रभावित भएको वास्तविकता प्रस्तुत गर्दै त्यसलाई घटाउन बाहृय सहयोग अपरिहार्य भएको बताएका छन् ।

आफ्नो सम्मानमा लन्डनस्थित नेपाली दूतावासले शुक्रबार साँझ आयोजना गरेको स्वागत समारोहमा उनले जलवायु परिवर्तनको असर देशको कृषि, पर्यटन र दैनिक जीवनमा परिरहेकाले त्यसलाई घटाउन बेलायतजस्ता नेपालको विकासका साझेदारहरूको सहयोग आवश्यक भएको बताए। जलवायु परिवर्तनका असर घटाउने तथा जैविक विविधता संरक्षण नेपालको मात्र नभई अन्तरराष्ट्रिय समुदायको चासोको विषय भएको बताउँदै मन्त्री ठकुरीले नेपाल र बेलायतबीचको समुधुर सम्बन्धलाई अझ प्रगाढ तुल्याउनुपर्नेमा जोड दिएका थिए।

मन्त्री ठकुरीको निजी सचिवालयका अनुसार गोर्खा सैन्यका कारण नेपाल-बेलायत सम्बन्ध अझ उन्नत रहेको चर्चा गरे । उनले दूतावासका कर्मचारी तथा कूटनीतिक



नेतृत्वलाई मातृभूमिको चौतर्फी विकासलाई केन्द्रमा राखेर काम गर्न अनुरोध गरे ।

हालै जारी भएको अध्यादेशले विदेशी लगानी प्रोत्साहन गरेको र अन्य ऐनकानुन पनि लगानीमैत्री भएकाले मातृभूमिको औद्योगिक विकासका खातिर पुँजी जुटाउने दिशामा सक्रियताका साथ काम गर्न मन्त्री ठकुरीले सुझाए । नेपाली राजदूत चन्द्रकुमार घिमिरेले बेलायत र नेपालबीचको दुई शताब्दीभन्दा पुरानो कूटनीतिक सम्बन्धको चर्चा गर्दै द्विपक्षीय हित, साझा चासो र आपसी लाभ प्रवर्द्धन गर्न आफू प्रतिबद्ध रहेको बताए ।


## Sundarharaincha Municipality

**Office Of the Municipal Executive**
**Sundarharaincha, Morang**
**Koshi Province, Nepal**

## Request for Expression of Interest

***First Date of Publication:2081/12/03***

1. Sundarharaicha Municipality Office intends to waste management service a list of competent Nepali national consulting firms for the job indicated below. This Invitation for Expression of Interest (EOI) is made to invite applications from interested and eligible Nepali national consulting firms registered in Nepal under GON rules & regulations and/or their joint ventures (JV).
   **Job No. SHM/MOR/NCS/45/2081/082**
   **Job Title: Waste Management Service of Sundarharaincha Municipality.**
2. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address visit e-GP system www.bolpatra.gov.np/egp
3. Consultants may associate with other consultants to enhance their qualifications.
4. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp
   **Last Date of EOI Submission: 2081/12/18, Time: 12:00PM**
   **EOI Opening Date & Time: 2081/12/18, Time: 01:00PM**
5. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date, but the time will be the same as stipulated.
6. EOI will be assessed based on the approved eligibility and evaluation criteria. Based on evaluation of EOI, Maximum six top ranked shortlisted firms will be invited to submit technical and financial proposals through a request for proposal.
7. Minimum score to pass the EOI is ***60.***

## मुसिकोट नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**मुसिकोट, रूकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८१/१२/०३ गते**

उपरोक्त सम्बन्धमा यस कार्यालयवाट विद्यालय भवन (जनहित आ.वि.माछमी) निर्माण सम्बन्धी मिति २०८१/१०/२५ गते प्रकाशित सूचना वमोजिम सूचनाको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन हुँदा तपसिल वमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) वमोजिम न्युन मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही भई मिति २०८१/११/२९ गतेको बोलपत्र मूल्याङ्कन समितिको निर्णयअनुसार स्वीकृतिका लागि छनौट भई सिफारिश भएकोले ऐनको दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | कामको विवरण | बोलपत्र सङ्ख्या | बोलपत्रदाता | बोलकबोल रकम (मू.अ.कर वाहेक) | ल.ई.भन्दा |
|---|---|---|---|---|---|
| 1. | Construction of School Building, Musikot-3, Machhmi | NCB/MM/Ruk.W/W.1S1E_081/082/07 | M/S A.S.K. Construction and Suppliers Pvt.Ltd., Musikot 13 | 32,37,026.41 | 32.66 % Less |

प्रमुख प्रशासकीय अधिकृत

**Mechinagar Municipality**
**Office of Municipal Executive**
**INSTITUTIONALIZING GENDER BASED VIOLENCE RESPONSE IN NEPAL (IGBVRN) PROJECT**
**PROJECT IMPLEMENTATION UNIT-MECHINAGAR**
**MECHINAGAR MUNICIPALITY, ITABHATTA,**
**KOSHI PROVINCE, NEPAL**

**REQUEST FOR EXPRESSIONS OF INTEREST**

**Publication Date: 8 January 2025(First Time)**
**16 March 2025 (Second Time)**

COUNTRY: Nepal
NAME OF PROJECT: Institutionalizing GBV Response in Nepal
Grant No.: TF0C3548
Assignment Title: Recruitment of Individual Consultants
Contract ID: NP-MOWCS-386943-CS-INDV / GBV Specialist for PIU- Mechinagar

1. The Government of Nepal has received financing from the World Bank toward the cost of the Institutionalizing GBV Response in Nepal Project, and intends to apply part of the proceeds for consulting services.
2. The consulting services ("the Services") include recruitment of one individual consultant namely GBV Specialist. Please refer to the TOR for details. The expected start date of assignment will be April 2025.
3. The detailed Terms of Reference (TOR) for the assignment can be found at the following website: mechinagarmun.gov.np or can be obtained upon a written request to igbvrn.mechinagar@gmail.com or jayantikharel21@gmail.com.
4. The Institutionalizing GBV Response in Nepal Project, Project Implementation Unit (PIU-Mechinagar) now invites eligible individuals ("Consultants") to indicate their interest in providing the Services. Interested Consultants should provide information demonstrating that they have the required qualifications and relevant experience to perform the Services with their CVs.
   The last date of submission of the proposal is **30 March 2025** within office hours. The duration of contract award, and description of the assignment shall be clearly stipulated when mentioning as a work experience.
5. Consultant will be selected in accordance with the Individual Consultant Selection (ICS) method set out in the World Bank's Procurement Regulations.
6. The attention of interested Consultants is drawn to Section III, paragraphs, 3.14, 3.16, and 3.17 of the World Bank's "Procurement Regulations for IPF Borrowers" July 2016 [4th Edition, November 2020], setting forth the World Bank's policy on conflict of interest.
7. Further information can be obtained at the address below during office hours.
8. Expressions of interest must be delivered in a written form to the address below in person, or by mail, or by email by 30 March 2025.

Institutionalizing GBV Response in Nepal Project,
Project Implementation Unit (PIU)-Mechinagar, Mechinagar Municipality, Itta Bhatta, Koshi Province
Attn: Ms. Jayanti Kharel, Women Development Officer
E-mail: igbvrn.mechinagar@gmail.com or jayantikharel21@gmail.com

**Government of Sudurpachim Province**
**Ministry of Social Development**

## Mahakali Provincial Hospital

**Mahendranagar, Kanchanpur**

## INVITATION FOR BID (IFB)

**IFB No.: MPH/NCB/Goods/2081/082/05**
**Date Of Publication: 2081/12/03 ( 16th March 2025)**

1. Mahakali Provincial Hospital Kanchanpur invites electronic bids from eligible bidders for the following works under the NCB Biddinig Procedure.:

| Contract No/ID | Discription of work | Bid Validity/Bid bond Validity Period | Bid Security Amount (NRS) | Price Of Bid Document |
|---|---|---|---|---|
| MPH/NCB/Goods/2081/82/05 | Supply, delivery, installation and commissioning Mobile C-Arm Machine | 90 days/120days From the Date of Bid Opening | 192000.00 | 3000.00 |

2. Pre Bid Meeting date 2081-12-22 (4th April 2025) at 14:00 Pm
3. Bid Submission Date: 2082-01- 02(15th April 2025) before 12:00 Noon and Opening date 2082-01-02(15th April 2025) at 13:00pm
4. For more details, Eligible bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp

**Medical Superintendent**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# पूर्वविशिष्टलाई ‘सुविधाभोगी’ नबनाऊ

**पूर्वविशिष्ट व्यक्तिहरूलाई सुविधा दिन कानुन बनाउने तयारी गरिरहँदा वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारको चौतर्फी विरोध भएको छ । मुलुक आर्थिकरूपमा निकै कमजोर अवस्थामा रहेकै बेला पूर्वविशिष्टहरूका नाममा सुविधा बढाउने प्रयत्न गर्नु भनेको जनतामाथि घात गरेको ठहर्छ । निजामती सेवामा कार्यरत रही ५८ वर्षे सेवापश्चात् अवकाश प्राप्त कर्मचारीहरूलाई उपलब्ध गराउँदै आएको ‘पेन्सन’ समेत वैदेशिक ऋणबाट उपलब्ध गराइरहेको देखिन्छ । यस्तो अवस्थामा मुलुकलाई थप आर्थिक भार पर्ने गरी पूर्वविशिष्टहरूलाई थप सुविधा दिनु किमार्थ उचित होइन । पूर्वराजादेखि पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख, राष्ट्रिय सभाका पूर्वअध्यक्ष, पूर्वप्रधानन्यायाधीश, पूर्वगृहमन्त्रीसम्मले पनि सरकारी सुविधा लिएको देखिन्छ । यसरी जनतालाई निराश बनाउनेगरी पूर्वविशिष्टहरूका लागि मासिक करोडौं रूपैयाँ खर्च गरेर अनि थप सुविधा बढाउने कानुनको तयारी गरिरहँदा वर्तमान सरकार कति सुविधाभोगी छ भन्ने कुराको पुष्टि गर्दछ ।**

**अहिलेको परिप्रेक्ष्यमा पूर्वविशिष्ट भन्नेहरूहरूले राज्यलाई के दिए ? उनीहरूबाट राज्यले के पाए भन्ने प्रश्न उठ्न थालेको छ । बरु तिनै विशिष्टहरूले पदमा रहँदा राज्यको ढुकुटीमा ब्रह्मलुट गरेको जनआक्रोश छ । त्यो आक्रोशलाई चिर्नका लागि गणतन्त्रमा जनताको शासन चल्नुपर्ने थियो । तर यसका शासकहरू सेवा सुविधाभोगी भएका कारण पछिल्लो समय गणतन्त्र र संघीयतामाथि नै प्रश्न उठिसकेको छ । व्यवस्थामाथि नै प्रश्न उठिरहेको बेला सरकारले पूर्वविशिष्टहरूलाई सुविधाभोगी बनाउनेगरी कानुन कुनै हालतमा पनि ल्याउनु हुँदैन । जुन बेलासम्म व्यक्ति विशिष्ट पदमा बहाल रहन्छ त्यस अवधिसम्ममात्र राज्यले सुविधा दिने र पद बहाल नरहेपछि कुनै पनि सुविधा नदिने कानुन बन्नुपर्दछ । हरेक कुरा विदेशीको सिको गर्नेले राज्यको स्रोत दोहनका लागि सुविधाभोगी कानुन ल्याउनुको साटो तिनै विदेशी विशिष्ट व्यक्तिहरूजस्तै गरी पद समाप्त भएसँगै राज्यको सेवा पनि समाप्त गर्नेगरी कानुन ल्याउन सक्नुपर्दछ ।**

**यदि वर्तमान सरकारले पूर्वविशिष्टहरूलाई सुविधाभोगी बनाउने किसिमले कानुन निर्माण गर्ने प्रयास गर्‍यो भने त्यसले विद्रोह निम्त्याउँछ । जनविद्रोह निम्तनेगरी पूर्वविशिष्टहरूलाई सुविधा दिने योजना नै खारेज होस् । सरकार साँच्चै नै नागरिकको सरकारका रूपमा आफूलाई रूपान्तरण गर्न चाहन्छ भने कुनै पनि पूर्वविशिष्टहरूलाई उपलब्ध गराउँदै आएको सरकारी सुविधा सदाको लागि अन्त्य गरोस् । पूर्वविशिष्ट पदमा पुगेका व्यक्तिमात्र होइन, सुरक्षा निकायमा कार्यरत उच्च पूर्वकर्मचारीहरूले समेत सुविधा लिएका छन् । कानुन भएका वा कानुन विपरीत लिएका त्यस्ता सुविधासमेत खोसेर सरकारले नागरिकहरूको हितमा लगाउन सक्नु पर्दछ र मात्र सरकार साँच्चैको जनताको सरकार बन्न सक्छ । सरकारको ध्यान नागरिकको सरकार बन्नेतर्फ जाओस् ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# समृद्धिका लागि विज्ञान प्रविधि



प्रा.डा. दिलीप सुब्बा

> विज्ञान तथा प्रविधिको प्रयोग स्वस्थ र सुखी जीवन तथा राष्ट्रिय समृद्धि प्राप्तिका लागि हुनुपर्दछ । यसको निमित्त राम्रो विज्ञान शिक्षा, अनुसन्धान, प्रविधि नवप्रवर्तन आधार भूत आवश्यकता हो । जनताको जीवनस्तर वृद्धि र देशको समृद्धिको निमित्त विज्ञान र प्रविधिको भूमिकालाई सशक्त बनाउने, वस्तुनिष्ठ र ठोस परिणाममुखी कार्यक्रम सञ्चालन गरी नाष्टको प्रतिष्ठामा वृद्धि गरी नाष्टलाई विश्वस्तरीय अनुसन्धान केन्द्रका रूपमा विकास गर्नुपर्ने हुन्छ ।

विज्ञानको प्रभावकारी प्रयोगले मात्रै कुनै पनि राष्ट्रलाई दिगो विकास र समृद्धिको मार्गतर्फ डोहोर्‍याउन सक्छ । वैज्ञानिक अनुसन्धान, प्रविधिको नवप्रवर्तन र शिक्षामा लगानी गरी समाजलाई आधुनिक, आत्मनिर्भर र दिगो रूपमा विकास गराउन सकिन्छ । विज्ञानविना समृद्धि सम्भव छैन भन्ने तथ्य विश्वका विकसित र विकासशील राष्ट्रहरूको प्रगतिबाट प्रस्ट हुन्छ । नेपालजस्तो विकासोन्मुख देशको आर्थिक, सामाजिक र दिगो विकासका लागि भने विज्ञान र प्रविधिको भूमिका अत्यन्त महत्त्वपूर्ण छ ।

वैज्ञानिक अनुसन्धान, नवीन प्रविधि र डिजिटल रूपान्तरणले नेपालको समृद्धि, पूर्वाधार विकास, स्वास्थ्य सेवा सुधार, कृषि उत्पादकत्व वृद्धि र वातावरणीय सन्तुलनजस्ता क्षेत्रमा ठूलो योगदान दिन सक्छ । विज्ञान र प्रविधिको प्रभावकारी प्रयोगले मुलुकको समृद्धि, औद्योगिकीकरण तथा दिगो विकासको मार्ग खोल्न सक्छ । सरकारले वैज्ञानिक अनुसन्धान, प्रविधिमा लगानी र प्रविधिमा आधारित नीति निर्माणलाई प्राथमिकता दिएमा नेपाललाई आधुनिक र आत्मनिर्भर राष्ट्र बनाउन सकिन्छ । विज्ञान प्रविधि नेपालको उज्ज्वल भविष्यको आधार स्तम्भ हो ।

राष्ट्रको सर्वांगीण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोगको महत्त्वपूर्ण भूमिका रहन्छ । विश्वमा विकसित राष्ट्रहरूको विकासको मूल आधार नै समयसापेक्ष प्रविधिको विकास रहेको पाइन्छ । जहाँ विज्ञान र प्रविधिको विकास, प्रवर्द्धन र उपयोग भएको छ, त्यहाँको विकासको दर उच्च रहेको छ । तथापि, नेपालमा समयसापेक्ष र जनताको समस्या समाधान गर्न सक्ने किसिमले विज्ञान र प्रविधिको विकास र प्रयोग हुन सकिरहेको छैन । नेपालको संविधानले विज्ञान तथा प्रविधिलाई देशको विकाससँग आबद्ध गर्दै वैज्ञानिक अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति आत्मसात् गरेको छ ।

सरकारले विज्ञान, प्रविधि र नवप्रवर्तन नीतिमार्फत वैज्ञानिक अनुसन्धान, प्रविधिको विकास र नवप्रवर्तनलाई दिगो विकासको प्रमुख आधारका रूपमा अघि बढाउने लक्ष्य राखेको छ । नेपालमा विज्ञान र प्रविधिसम्बन्धी नीति पहिलोपटक २०४४ सालमा ल्याइएको थियो । त्यसपछि समयानुसार यसमा संशोधन हुँदै आएको छ । पछिल्लो विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले वैज्ञानिक सोच, अनुसन्धान, प्रविधि हस्तान्तरण, तथा नवप्रवर्तनलाई प्राथमिकता दिएको छ ।

यस नीतिलेसमेत तथ्यमा आधारित अनुसन्धानमा जोड दिँदै जनचेतना अभिवृद्धि गर्ने र समाजमा विद्यमान अन्धविश्वास र कुरीतिलाई निर्मूल गर्ने रणनीति निर्धारण गरेको छ । यस नीतिले विज्ञान तथा प्रविधिका प्रायः सबै विधाहरूलाई समेट्ने प्रयास गरेको छ । कृतिम बौद्धिकता (एआई), नानो प्रविधि, वायो प्रविधि, परमाणु विज्ञान, इञ्जिनियरिङको अधिकतम उपयोग गरी औद्योगिक उत्पादकत्व वृद्धि, उचित व्यवसायीकरण, दिगो पूर्वाधार विकास, जैविक तथा खनिज स्रोतको उपयोग, वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण र सुशासन सेवा प्रवाह, साइबर तथा राष्ट्रिय सुरक्षालाई नीतिमा प्राथमिकता क्षेत्रको रूपमा लिइएको छ ।

विज्ञान, प्रविधि र नवप्रवर्तनलाई समृद्ध नेपालको निर्माणका लागि प्रमुख आधारका रूपमा लिइएको छ । १६औं पञ्चवर्षीय योजनामा योजनाले वैज्ञानिक अनुसन्धान, सूचना प्रविधि र नवप्रवर्तनलाई प्रवर्द्धन गरी दिगो आर्थिक विकास गर्ने लक्ष्य राखेको छ । यस योजनामा विज्ञान प्रविधिसम्बन्धी मुख्य रणनीति र लक्ष्यहरूमा सूचना प्रविधिको विकास, अनुसन्धान तथा नवप्रवर्तन प्रवर्द्धन, कृषि तथा खाद्य सुरक्षामा विज्ञान प्रविधिको प्रयोग, स्वास्थ्य क्षेत्रमा प्रविधिको विस्तार, पूर्वाधार तथा ऊर्जा प्रविधिको प्रयोग, वातावरण तथा जलवायु परिवर्तन न्यूनीकरणका विषयहरूलाई समावेश गरिएको छ ।

### नास्टको भूमिका

नेपालमा विज्ञान र प्रविधि क्षेत्रका कार्य गर्ने सर्वोच्च निकाय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट)ले स्थापनादेखि निरन्तर रूपमा समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्ने, जनतालाई वैज्ञानिक ज्ञानद्वारा सु-सूचित पार्ने र तथ्यमा आधारित जानकारी प्रदान गर्ने कार्य गर्दै आएको छ । विज्ञान र प्रविधि क्षेत्र अन्तरसम्बन्धित विषयवस्तु भएकाले एकल संस्थाभन्दा संस्थाहरूबीच सहकार्य र समन्वयबाट उद्देश्य प्राप्तिमा प्रभावकारी हुन सक्दछ ।

प्रदेशस्तरबाट पनि विज्ञान तथा प्रविधिलाई प्रवर्द्धन गर्न विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन प्रारम्भ भइसकेको छ । नेपाली मौलिक प्रविधिलाई समयसापेक्ष परिमार्जन एवं जनोपयोगी बनाउन आवश्यक प्रक्रिया बढाइसकिएको छ ।

नास्टले यसै वर्ष विज्ञान प्रविधि सूचना प्रणाली केन्द्रको स्थापना गरी विज्ञान प्रविधिको सम्पूर्ण सूचनालाई भण्डारण गरी उपयोगमा जोड दिइएको छ । वार्षिक कार्यक्रमका लागि तय गरेका विभिन्न अनुसन्धान तथा विज्ञान प्रविधिका प्रवर्तनात्मक कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसका लागि विभिन्न विषयगत वैज्ञानिक उपसमितिहरूलाई क्रियाशील बनाइएको छ । चालु आर्थिक वर्षमा सातवटै प्रदेशमा विशिष्टीकृत अनुसन्धान केन्द्रको स्थापनाको कामलाई पूर्णता दिई जनशक्तिको व्यवस्था गरेर विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । संरचना एवं पूर्वाधार विकासतर्फ बितेको आर्थिक वर्षमा बायोमेडिकल रिसर्च ल्याबको निर्माण कार्य सम्पन्न भएको छ भने हाल ‘सेकेण्डरी स्टचान्डर्ड डोसिमेट्री ल्याबरेटोरी’को निर्माण कार्य सम्पन्न हुने प्रक्रियामा रहेको छ ।

विदेशी वैज्ञानिक संस्थाहरूसँगको सम्बन्ध र सहकार्यलाई अघि बढाउने काम भएको छ । सन् १९९० देखि इटालीको वैज्ञानिक संस्थासँग मिलेर लोबुचेस्थित पिरामिड ल्याबको प्रयोग गर्दै उच्च धरातलीय अनुसन्धान कार्य गर्दै आएकामा सन् २०१५ देखि सो कार्य अवरुद्ध भएकाले त्यसलाई सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । सन् २०१९ मा जापानको वैज्ञानिक संस्था क्युटेकसँगको सहकार्यमा नास्टले नेपालकै प्रथम न्यानो स्याटलाइट (नेपाल स्याट १) अन्तरिक्षमा प्रक्षेपण गरेको थियो । त्यस्तै सन् २०२४ मा भारतको अन्तरिक्ष अनुसन्धान संस्था ‘आएएसआरओ’सँग दोस्रो न्यानो स्याटलाइट (मुनाल) चाँडै प्रक्षेपण गर्ने सहमतिपत्रमा हस्ताक्षर भएको छ । भारतको राष्ट्रिय वैज्ञानिक तथा औद्योगिक अनुसन्धान संस्था ‘सिएसआइआर’सँग विज्ञान तथा औद्योगिक अनुसन्धानका बृहत् विषयमा सहयोग र सहकार्य निम्ति समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । यस संस्थासँगको संयुक्त कार्यक्रम तथा प्रविधि हस्तान्तरणबाट नेपाललाई धेरै फाइदा पुग्ने अपेक्षा गरिएको छ ।

यस वर्ष जापानको वैज्ञानिक संस्था ‘सिएसआइएस’सँग ग्लोबल नेभिगेसन स्याटलाइट सिस्टम (जिएनएसएस) प्रणालीलाई नेपालमा प्राकृतिक प्रकोप, आपत्कालीन समस्या पहिचान, यातायात प्रणाली, भूमि व्यवस्थापनजस्ता क्षेत्रहरूमा उपयोग गर्ने गरी समझौता गर्ने काम अघि बढेको छ ।

यसैगरी स्थानीय संस्थाहरूसँग सहकार्य गर्ने काम अघि बढिरहेको छ । राष्ट्रिय प्रकृति संरक्षण कोषसँग प्रकृति संरक्षण विषयमा सहकार्य गर्न समझदारीपत्रमा हस्ताक्षर गरिएको छ भने उद्योग वाणिज्य महासंघसँग सहयोग र सहकार्यका लागि छलफल सुरु भएको छ ।

विज्ञान तथा प्रविधिको प्रयोग स्वस्थ र सुखी जीवन तथा राष्ट्रिय समृद्धि प्राप्तिका लागि हुनुपर्दछ । यसको निमित्त राम्रो विज्ञान शिक्षा, अनुसन्धान, प्रविधि नवप्रवर्तन आधारभूत आवश्यकता हो । जनताको जीवनस्तर वृद्धि र देशको समृद्धिको निमित्त विज्ञान र प्रविधिको भूमिकालाई सशक्त बनाउने, वस्तुनिष्ठ र ठोस परिणाममुखी कार्यक्रम सञ्चालन गरी नाष्टको प्रतिष्ठामा वृद्धि गरी नाष्टलाई विश्वस्तरीय अनुसन्धान केन्द्रका रूपमा विकास गर्नुपर्ने हुन्छ । भावी योजना निर्माण गर्दा सरकारको चालु आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रम, विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, दिगो विकासका लक्ष्यलाई मार्गनिर्देशक मानिने छ । योजना तयार गर्दा नास्टका विषयगत वैज्ञानिक उपसमितिहरू, नास्टबाट आयोजना गरिएका सम्मेलन, गोष्ठी, छलफलका प्रतिवेदन, अन्तर्राष्ट्रिय वैज्ञानिक संस्थासँगको सहकार्य गर्ने समझदारी, विभिन्न मन्त्रालय एवं राष्ट्रिय संस्थाहरूसँग भएका समझदारी र सम्झौता, राष्ट्रिय योजना आयोगसँगको परामर्श, प्राज्ञसभाको सल्लाह सुझावलाई आत्मसात् गरिएको छ ।

योजनाको कार्यदिशा उत्पादन वृद्धि तथा उद्यमशीलताको विकासमा सहयोग पुर्‍याउने नवीन प्रविधिहरूको विकास, अनुसन्धानलाई औद्योगिक उत्पादनसँग जोड्ने, विज्ञान शिक्षण आधुनिकीकरण, विज्ञान, गणित, इञ्जिनियरिङ विधामा उच्च अध्ययन गरेका जनशक्तिको संख्यामा उल्लेख्य वृद्धि गर्न सहयोग गर्नु, भौतिकशास्त्र, रसायनशास्त्र र जीवशास्त्र वा फिजियोलोजी विधामा उत्कृष्ट स्तरको अनुसन्धान हुने वातावरण तयार गर्नु नास्टको लक्ष्य रहेको छ । त्यस्तै विज्ञान प्रविधिको राष्ट्रिय सूचना प्रणाली विकास गर्न युवा वैज्ञानिकहरूलाई अनुसन्धान तथा नवप्रवर्तनको पर्याप्त अवसर प्रदान गर्नु, परम्परागत प्रविधिको प्रवर्द्धन, प्रादेशिक अनुसन्धान केन्द्रहरूको प्रभावकारी सञ्चालन, वाञ्छित भौतिक संरचनाको निर्माणतर्फ लक्षित रहेको छ ।

ती योजनाअन्तर्गतका कार्यक्रमलाई कृषि र खाद्य उत्पादन, स्वास्थ्य, विज्ञान शिक्षा, ऊर्जा, वन पैदावार, जलस्रोत, भौतिक पूर्वाधार, सूचना प्रविधि, औद्योगिक उत्पादन, वातावरण, जलवायु परिवर्तन एवं प्राकृतिक प्रकोपका क्षेत्रहरूमा सञ्चालन गर्ने धारणा रहेको छ । अन्तरिक्ष प्रविधि र उच्च धरातलीय अनुसन्धान तथा भूकम्प पूर्वसूचना प्रणालीको स्थापनालाई पनि महत्त्व दिइएको छ । उत्कृष्टस्तरको अनुसन्धानका लागि सबल र उत्कृष्ट प्रयोगशालाको निर्माण तथा उत्कृष्ट अन्तरराष्ट्रिय प्रयोगशाला एवं वैज्ञानिकहरूसँग सहकार्य गर्ने, प्रविधि नवप्रवर्तन प्रसार र स्थानान्तरणका लागि प्राविधिक भवनको निर्माण, प्रदेशहरूको विशेषताअनुरूप त्यहाँ स्थापित अनुसन्धान केन्द्रहरूको सुदृढीकरण र क्षमता विकास, वैज्ञानिकहरूको क्षमता विकास गर्ने योजना रहेको छ । यी सबै कार्यमा तीनै तहका सरकार, वैज्ञानिक समुदाय र आमनागरिकको सहयोग, सहकार्य र सद्भावको खाँचो पर्दछ ।

*(नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का उपकुलपति प्रा.डा. सुब्बासँग राससका कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)*

# संघीयताबाट पछाडि हट्न सक्ने स्थिति छैन



रेणु चन्द

> प्रादेशिक सरकारलाई बलियो बनाउन प्रहरी ऐन र निजामती सेवा ऐन आवश्यक छ । यी दुईवटा ऐन नबन्दासम्म प्रदेशले केही गर्नै सक्दैन । यी दुईवटा कानुन चाँडो बनुन् भनेर संघ सरकारलाई झक्झक्याउन जोड पुगेन कि ?

राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएको लगभग एक वर्ष भयो । तल्लो सदनभन्दा माथिल्लो सदन दुईवटा दायित्वबाट मुक्त छ- एउटा बजेट निर्माण र अर्को सरकार निर्माण । राष्ट्रिय सभाको विधायिकी भूमिका अलिक बढी छ भन्ने अनुभव भयो । तुलनात्मक रूपमा यहाँ अनुभवी र लामो समयसम्म राजनीतिक क्षेत्रमा काम गर्नुभएका साथीहरू सभाको सदस्य बनेर आउनुहुँदो रहेछ । मूलतः सांसद नीति निर्माण गर्ने व्यक्ति हो तर नेपालमा त्यो अभ्यास अलि कम छ । सांसदको नीति निर्माणको भूमिका कस्तो हुन्छ भनेर अनुभव लिने हो भने एक पटक राष्ट्रिय सभा सदस्य हुनुपर्छ जस्तो लाग्छ ।

हरेक सांसदले आफ्नो भूमिका देखाउने दुई ठाउँमा हुन्छ- एउटा सदन, अर्को संसदीय समिति । राष्ट्रिय सभाका सदस्यहरूले समितिमा धेरै मिहेनतका साथ काम गरिरहेका हुन्छन् । त्यो राम्रो पक्ष हो । प्रतिनिधिसभामा कोरम नपुगेर बैठक अवरुद्ध भएका समाचार सुन्नुपर्छ । तर राष्ट्रिय सभामा त्यस्तो विरलै हुन्छ । सदस्यहरू समयमा आउने र सभा वा समितिका बैठकमा पूरै समय बस्नुहुन्छ । जुन जिम्मेवारी पाएका छन् त्यो पूर्ण इमानदारीका साथ काम गरेको जस्तो देख्छु ।

एउटा सदस्यको हैसियतले के नपुगेको जस्तो लाग्छ भने हामीले सरकारसँग प्रश्नोत्तर गर्नुपर्ने हो, तर विषयान्तर भएको देख्छु । हामीले सदनमा थुप्रै सार्वजनिक महत्त्वका जल्दाबल्दा प्रस्ताव दर्ता गराउन र छलफल गर्न सक्छौं, त्यो गर्न सकेका छैनौं । राष्ट्रिय सभामा अहिलेसम्म महिला समिति गठन गर्न नसक्नु हाम्रो कमजोरी हो जस्तो लाग्छ । यी कमजोरीका बावजुद राष्ट्रिय सभालाई प्रस्तुतिका आधारमा हेर्ने हो भने तुलनात्मक रूपमा राम्रो छ ।

संघीयता कार्यान्वयनको कुरा हेर्ने हो भने १० वर्ष हुन लाग्यो । संविधान संशोधनको कुरा उठिरहेको छ, र मुलुकमा राजनीतिक स्थायित्व दिने, निर्वाचन प्रणालीमा सुधार गर्ने, आर्थिक विकास गर्ने, समावेशी पक्षलाई अझ सबल बनाउनेजस्ता कतिपय विषयमा आवश्यक परेको खण्डमा कम्तीमा सदनमा रहेका दलहरूबीचको साझा सहमतिमा संशोधन गर्नुपर्छ । संविधानको समीक्षा गर्ने हो भने संविधानमा व्यवस्थित मौलिक अधिकारहरू लागू गर्नका निम्ति कानुनहरू अझै बन्न सकेका छैनन् । जस्तै, आमाको नामबाट नागरिकता दिने कानुन बनिसकेको छ तर अभ्यासमा लैजानका लागि फेरि एउटा विधेयक दर्ता गर्नुपर्ने अवस्था सिर्जना भएको छ । एउटा त संविधान लागू गर्नेगरी कानुन बनेका छैनन् र अर्को संविधान लागू गर्न बनेका कानुन पनि लागू भएका छैनन् । संविधानमा जेजति अधिकार लेखिएका छन् त्यसलाई थप परिस्कृत गर्नेगरी संविधान संशोधन हुनुपर्छ । पछाडि हट्नेगरी संविधान संशोधन हुनु हुँदैन ।

जहाँसम्म संघीयता सबलीकरणको कुरा छ, संघीयता लागू गर्नका निम्ति खासगरी स्थानीय सरकार अलि स्वायत्त प्रकृतिका छन्, आफ्ना क्षमता अनुसार काम गरिरहेका छन् । प्रादेशिक सरकारलाई बलियो बनाउन प्रहरी ऐन र निजामती सेवा ऐन आवश्यक छ । यी दुईवटा ऐन नबन्दासम्म प्रदेशले केही गर्नै सक्दैन । यी दुईवटा कानुन चाँडो बनुन् भनेर संघ सरकारलाई झक्झक्याउन जोड पुगेन कि ?

अब संघीयताबाट पछाडि हट्न सक्ने स्थिति छैन । अब हाम्रो देश संघीयतामा गइसक्यो । त्यसलाई बलियो बनाउनुबाहेक हामीसँग अर्को विकल्प छैन । संघ सरकार र संघीय संरचना पनि अब अलि सहिष्णु भएर खुला सोच लिएर संघीयता बलियो बनाउने गरी अगाडि बढ्नुपर्छ । राष्ट्रिय सभा त संघीयताको पहरेदार नै हो । दुवै सदन, सरकार र राज्य सबैले संघीयता सबलीकरणमा जुन प्रकारको भूमिका निर्वाह गर्नुपर्ने छ त्यसमा कमी देखिन्छ ।

केही समयअघि ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचार सूचकांकमा नेपालको स्थान राम्रो छैन । यस्ता रिपोर्टले अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि कस्तो रहेछ भन्ने देखाउँछ । भ्रष्टाचारको जुन रोग नेपालमा छ यसबाट पहिला उन्मुक्ति पाउनुपर्ने हुन्छ । बीचमा केही भ्रष्टाचार गरेका व्यक्ति जेल गए, केहीको नाम आए, केही अनुसन्धानमा तानिए । भ्रष्टाचार नियन्त्रण गर्न सक्यौं भने स्वतः सुशासन हुन्छ । सर्वसाधारण जनताले पनि सही र गलत छुट्याउनुपर्दछ । जो खराब छ त्यो प्रवृत्ति उजागर हुनुपर्छ । भ्रष्टाचारलाई हटाइएन भने धनी र गरिबको खाडल अझ बढ्ने देखिन्छ । यसलाई नियन्त्रण गर्न सबैले मिलेर काम गर्नुपर्ने हुन्छ । भ्रष्टाचार भनेको पैसामात्र होइन आचरण पनि हो । आचरण स्वच्छ हुनुपर्‍यो । चाहे राजनीतिज्ञ होस् वा आमनगरिक सबैले आफ्नो सामाजिक दायित्व निर्वाह गर्नेतिर ध्यान दिनुपर्‍यो । जसलाई जे काम दिएको छ त्यो पूर्ण इमानदारसाथ गर्नुपर्‍यो ।

*(राष्ट्रिय सभा सदस्य चन्दसँग रासस समाचारदाता बुनु थारुले गरेको कुराकानीमा आधारित)*



**धम्म यात्राको क्रममा श्रामणेर** | रूपन्देहीको भैरहवामा निकालिएको बृहत् श्रामणेर प्रवज्या तथा धम्म यात्रा । लुम्बिनीमा प्रवज्या गरिएका ५०० भिक्षु यात्रामा सहभागी छन् । *तस्बिरः राधेश्याम विश्वकर्मा/रासस*

# मधेस प्रदेशका मुख्यमन्त्री सिंह बने 'महामूर्ख'

**धनुषा–** यस वर्षको महामूर्खको उपाधि मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई प्रदान गरिएको छ । होली पर्वका अवसरमा जनकपुरधाममा मिथिला नाटचकला परिषद् (मिनाप)ले आयोजना गर्दै आएको सांस्कृतिक कार्यक्रम 'महामूर्ख सम्मेलन' को दोस्रो दिन शुक्रबार मुख्यमन्त्री सिंहलाई महामूर्खको उपाधि प्रदान गरेको हो । मुख्यमन्त्री सिंहले स्वास्थ्य क्षेत्रमा गरेका कार्यहरूको प्रशंसा गर्दै उनलाई ठट्टास्वरूप महामूर्खको उपाधि प्रदान गरिएको हो ।




होलीका अवसरमा मिनापले हरेक वर्ष यो सम्मेलन आयोजना गर्दै आएको छ । कार्यक्रममा हास्यव्यंग्य र सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिनुका साथै कला र संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउँदै आएको छ । होली पर्वको पौराणिक गाथा, ख्यालठट्टा र मैथिली भाषामा गाइने जोगिरा गीतको संरक्षण गर्न यो कार्यक्रम २०६१ सालदेखि आयोजना भइरहेको छ ।

वि.सं. २०६१ मा महामूर्खको उपाधि मैथिली कवि नरेश ठाकुर, २०६२ मा तत्कालीन नेकपा एमालेका नेता शीतल झा, २०६३ मा तत्कालीन जनकपुर नगरपालिकाका प्रमुख हरिबहादुर बिसी, २०६४ मा तत्कालीन सद्भावना पार्टीका नेता ओमकुमार झा, २०६५ मा वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल, २०६६ मा पूर्वमन्त्री रामचन्द्र झा, २०६७ मा नेपालका चर्चित राजनीतिक विश्लेषक सिके लाल, २०६८ मा साहित्यकार रामभरोष कापडी भ्रमर, २०६९ मा नेपाली कांग्रेसका नेता रामसरोज यादव, २०७० मा तमलोपाका वरिष्ठ नेता डा. विजयकुमार सिंह, २०७१ मा नेता शत्रुधन महतो, २०७२ मा श्मशानघाटको स्वरूप परिवर्तन गरी आधुनिक स्वर्गद्वार बनाएर चर्चा बटुलेका पवन सिंघानीयालाई महामूर्खको उपाधि प्रदान गरिएको थियो ।

वि.सं. २०७३ मा सप्तरीको मलेठमा नेकपा एमालेले गरेको मेची-महाकाली अभियानका क्रममा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएपछि अन्तिम समयमा मिनापले सो कार्यक्रम स्थगन गरेको थियो । वि.सं. २०७४ मा महामूर्खको उपाधि तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल र वि.सं. २०७५ मा जसपाका नेता लालकिशोर साहलाई प्रदान गरिएको थियो । वि.सं. २०७६ मा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, २०७७ मा महजोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य एवं २०७८ सालमा अर्थविद् डा. भोगेन्द्र झा, २०७९ मा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहलाई प्रदान गरिएको थियो भने २०८० को महामूर्खको उपाधि मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डललाई प्रदान गरिएको थियो । *रासस*

# व्यावहारिक शिक्षासँगै बाजा बजाएर आत्मनिर्भर बन्दै विद्यार्थी

**दमौली (तनहुँ)–** शुक्लागण्डकी नगरपालिका-९ स्थित तालवेसी माध्यमिक विद्यालयले व्यावहारिक शिक्षासँगै प्रयोगात्मक सीप सिकाउन थालेपछि यहाँका विद्यार्थी आत्मनिर्भर हुन थालेका छन् । विद्यालयका विद्यार्थी पछिल्लो समय लोकबाजामा आत्मनिर्भर हुन थालेका हुन् । विद्यालयले पछिल्लो समय विद्यार्थीको क्षमतालाई पहिचान गर्दै लोक संस्कृति संरक्षण गर्ने उद्देश्यले नौमती बाजाको व्यवस्थापन गरेपछि विद्यार्थी उत्साहित भएका छन् ।

कक्षा ६ देखि ८ सम्मका विद्यार्थीको सक्रिय सहभागितामा विद्यालयमा तालबेँसी बाजा समूह गठन गरिएको प्रधानाध्यापक ध्रुव वाग्लेले जानकारी दिए । विद्यालयको सांस्कृतिक, शैक्षिक एवं अन्य शुभकार्यमासमेत विद्यार्थीले नौमती बाजा बजाउन थालेको उनले बताए । उनले भने, 'व्यावहारिक शिक्षासँगै प्रयोगात्मक सीप सिकाएपछि विद्यार्थी नौमती बाजा बजाउन सक्ने भएका छन् । विद्यार्थीको प्रतिभा देखेर अभिभावक पनि दंग छन् ।'

कक्षा ७ का विद्यार्थी सुकबहादुर विकको संयोजकत्वमा कक्षा ७ का विद्यार्थी सुसन सुनार, सिजन विक, कृष्ण सुनार, सुदीप बैदास, निशान थापा र कक्षा ८ का विद्यार्थी रूविन बैदास, अर्विन परियार र प्रसुन पौडेल रहेको तालबेँसी बाजा क्लब गठन भएको छ ।

सधैँ किताबमात्र पढ्ने र लेख्ने गर्दा सिर्जनशील हुन नसकेको बताउँदै विद्यालयले बाजा व्यवस्था गरेपछि आफूलाई आवश्यक पर्ने सामान्य कापी, कलम किन्ने खर्च व्यवस्थापनमा सहजता भएको बाजामा संलग्न विद्यार्थी अर्विन परियारले बताए । उनले भने, 'सानैदेखि वाद्यवादन क्षेत्रमा रमाउने इच्छा विद्यालयले पूरा गराउन खोजेकामा विद्यालयलाई धेरै धन्यवाद दिन चाहन्छु ।'

आफू सानै उमेरमा सिर्जनशील हुन खोजेको बताउँदै वडामार्फत विद्यालयले बाजाको सेट उपलब्ध गराएपछि व्यावसायिकतर्फ अगाडि बढेको समूहका संयोजक सुकबहादुर विकले बताए । उनले भने, 'घरमा पनि एक न एक काममा व्यस्त रहन्थे । हाल शुक्लागण्डकी नगरपालिका-९ ले बाजाको सेट उपलब्ध गराएपछि मलाई व्यावसायिकतातर्फ अगाडि बढ्ने बाटो खुलेको छ ।' विद्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दाबाहेक अन्य सवालमा नियमित बाजाको प्रयोग बढेको विकको भनाइ छ ।

विद्यालयको सेवा क्षेत्रमा दलित बस्ती बढी भएको र यो क्षेत्रको सम्भावना पनि बाजासँग सम्बन्धित लोक संस्कृतिको क्षेत्र फराकिलो भएको हुँदा बाजाको कार्यक्रमलाई प्राथमिकता दिइएको शुक्लागण्डकी नगरपालिका-९ का वडाध्यक्ष धनबहादुर थापाले बताए । उनले भने, 'विद्यालयको मागलाई पहिलो प्राथमिकतामा राख्दै विद्यार्थी भाइबहिनीको क्षमतालाई प्रस्फुटन गर्न सहज हुने कार्यक्रमलाई वडा कार्यालयले महत्त्व दिएको छ । विद्यार्थी भनेका भविष्यका कर्णधार हुन् । हामीले बनाउने योजना दीर्घकालीन हुनुपर्छ ।'

विद्यार्थी पहिचानको क्षेत्रलाई फराकिलो बनाउँदै विद्यार्थीको आफ्नो क्षमता उजागर गराउन विद्यालय प्रतिबद्ध रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विनोद राउतले बताए । उनले विद्यार्थीको क्षमता पहिचान गर्दै व्यावहारिक शिक्षातर्फ विद्यालय अगाडि बढेको उल्लेख गरे ।

वडाको एकमात्र मावि भएको र विद्यालयको भौतिक, शैक्षिक एवं वातावरणीय पक्षको विकासका लागि स्थानीय सरकार तल्लीन रहेको वडा सदस्य एवं विद्यालय व्यवस्थापन समितिका सदस्य कमल थापाले बताए । विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक दामोदर रेग्मीले सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा अध्यापनका लागि बाजा अपरिहार्य रहेको र विद्यालय भनेको लोक संस्कृतिको जगेर्ना गर्ने महत्त्वपूर्ण क्षेत्र भएको हुँदा लोक बाजाको कार्यक्रम विद्यालयको लागि महत्त्वपूर्ण रहेको बताए ।

उनले भने, 'कक्षा ६ देखि ८ सम्मका नौ जना विद्यार्थी भाइहरूको एक समूह छ जसले लोक बाजालाई सञ्चालन र व्यवस्थापन गर्ने जिम्मा लिएको छ । विद्यालयको मात्र नभई शुक्लागण्डकी नगरपालिकाको विभिन्न कार्यक्रम र तनहुँ जिल्लास्तरीय १६औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटनसत्रमा पनि विद्यार्थी भाइहरूले कुशलतापूर्वक बाजा बजाई आफ्नो कलाकौशल प्रदर्शन गरेका थिए ।' *रासस*

# चितवन सभागृह निर्माणको गति सुस्त

**चितवन (प्रस)–** दुई वर्षअघि सम्पन्न हुनुपर्ने यहाँस्थित सभागृहको प्रगति ६७ प्रतिशतमात्र भएको छ । छाना छाउने क्रममा प्राविधिक समस्या देखिएपछि महत्त्वपूर्ण काम रोकिँदा अपेक्षाकृत प्रगति नभएको हो ।

भरतपुर महानगरपालिका-१० स्थित जिल्ला समन्वय समिति नजिकै २०७७ मंसिर १८ गते सभागृह निर्माण थालिएको थियो । २७ महिना अर्थात् २०७९ फागुन १८ गते निर्माण सम्पन्न गर्नेगरी ठेक्का लगाइएको थियो ।

निर्माण कम्पनीको ढिलासुस्ती र दिइएको डिजाइनअनुसार काम गर्दा देखिएको प्राविधिक समस्याका कारण काममा ढिलाइ भएको हो । ट्रस्टको डिजाइनमा समस्या आएपछि अन्य निर्माण भए पनि ट्रस्टको काम हुन सकेको छैन ।

सघन सहरी तथा भवन निर्माण आयोजना चितवनका प्रमुख वरिष्ठ डिभिजनल इन्जिनियर झपटबहादुर थापाका अनुसार ट्रस्ट लगाउने क्रममा हावाले झारेपछि पुनःअध्ययन थालिएको छ । उनका अनुसार सात महिनाअघि पाँचवटा ट्रस्ट राखेपछि एउटा ट्रस्ट हावाले झारेको थियो । के-कति कारणले समस्या परेको हो यस विषयमा विस्तृत अध्ययन भइरहेको छ । आइतबारसम्ममा प्रतिवेदन आउने र सोहीअनुरूप काम अघि बढाइने उनले जानकारी दिए ।

उनले भने, 'अब तत्काल हामी ट्रस्ट निर्माण सुरु गराएसँगै अन्य संरचना निर्माणलेसमेत गति पाउने छ ।' एक अर्ब २० करोड रूपैयाँ लागत अनुमानमा निर्माण सुरु गरिएको हल निर्माणका लागि इण्डो सगुन रौताहा जेभीले ७७ करोड ७७ लाख रूपैयाँमा ठेक्का सकारेको थियो ।

बाइपास सडकसँगै जिल्ला समन्वय समितिका नाममा रहेको चार बिघा चार क√ा जमिन भरतपुर महानगरपालिकाका नाममा लगेर सिटिहल निर्माण थालिएको हो । निर्माणका क्रममा रहेको हलमा अहिले भित्री भागको बिजुली, पानी जडान गर्ने, प्लाष्टर, प्लम्बिङलगायत काम भइरहेको उनले बताए ।

सभागृह हलमा मुख्य अडिटोरियम ब्लकमा दुई हजार जना अट्ने सुविधासम्पन्न सभाहल बन्ने छ । यसका साथै ३०० मानिस अट्न सक्ने क्षमताको सभा हल रहने छ भने विशिष्ट व्यक्तिका लागि छुट्टै कक्ष हुने छ । दुई वटा भऱ्याङ र दुई वटा लिफ्ट, प्रवेशद्वार, आकर्षक स्टेज, प्रशिक्षण कक्ष पनि रहनेछन् । मुख्य ब्लक छ हजार पाँच सय वर्गमिटरमा हुने छ ।


## कतारमा रोजगार

कम्पनी : AL MUKHTAR CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 320373 | चलानी नं. ६०२३४४५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Ladies) | 0 | 35 | 1000 | ३८,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 268 | 0 | 1000 | ३८,१५२ | | | | | | | |
| 3 | Driver (Light) | 15 | 0 | 1700 | ६४,८५९ | | | | | | | |
| 4 | Male Supervisor Cleaner (Janitorial | 15 | 0 | 2500 | ८५,३८२ | | | | | | | |
| 5 | SUPERVISOR FEMALE CLEANERS | 0 | 2 | 2500 | ८५,३८२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत १० गते (23rd Mar. 2025) मा हुनेछ ।

कम्पनी : AL MUKHTAR CLEANING & SERVICES

पूर्व स्वीकृति मिति २०८०/०९/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 297375 | चलानी नं. ६०२१२३२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 10 | 4 | 1000 | ३८,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत ८ गते (21th Mar. 2025) 11:00 बजे हुनेछ ।
दमक नगरपालिका, दमक, झापामा मितिः २०८१ चैत ९ गते (22th Mar. 2025) 11:00 बजे हुनेछ ।
बिर्तामोड नगरपालिका बिर्तामोड, झापामा मितिः २०८१ चैत ९ गते (22th Mar. 2025) 2:00 बजे हुनेछ ।
नेपालगञ्ज उपमहानगरपालिका, बाँकेमा मितिः २०८१ चैत ७ गते (20th Mar. 2025) 11:00 बजे हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम इजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com


## Invitation For Bid

*Date of First publication: 2081/12/03*

Division Forest Office, Kathmandu invites bids from the duly registered eligible national bidders for the following works, the detail information can be accessed through client's website https://dfokathmandu.gov.np and complete set of Bidding Document in English is available online and can be downloaded from e-GP system of PPMO: www.bolpatra.gov.np/egp

| Program | Cost (without VAT & Contingency) | Bid Security Amount | Remarks |
|---|---|---|---|
| Construction and Management of Panchakumari Samaj Park, Sinamangal-9 | 1705000 | 50000 | DFO/KTM/WORKS/SQ/02/081-082 |
| Construction Management of Amarsingh Botanical Park Kageshwori Manohara -7 | 1280000 | 40000 | DFO/KTM/WORKS/SQ/03/081-082 |
| Park Construction in Bagamati Corridor in fornt of Tekusi Kumari Club, Balkhu, KMC 14 | 1705000 | 50000 | DFO/KTM/WORKS/SQ/04/081-082 |
| Jagriti Nagar Park Construction and Plantation, KMC 31 | 1280000 | 40000 | DFO/KTM/WORKS/SQ/05/081-082 |
| Yuddha Smarak Park, Greenery Promotion and Garden management Kirtipur-10 | 1705000 | 50000 | DFO/KTM/WORKS/SQ/06/081-082 |

**Divisional Forest Office**
**Division Forest Office, Kathmandu**

**Palungtar Municipality**
## Office of the Municipal, Executive
**Palungtar, Gorkha**
Gandaki Province, Nepal

## Invitation for Bid

(Electronic Bid only)

**Date of Publication: 16/03/2025 (3rd Chaitra 2081)**

1.Palungtar Municipality, invites bids from **national** eligible bidders for **Item rate Contract** of following works:

| Contract Identification Number | Description and location of work | Bid Document Fee (NRs) | Estimate Amount With out VAT, PS & Contingences (NRs.) | Bid Security Amount (NRs) | Bid Security Validity Period (days from the date of bid opening) | Remarks |
|---|---|---|---|---|---|---|
| PMUN/NCB/WORKS/2081/82-13 | CONSTRUCTION OF SHAEED SURESH WAGLE(BASHU) SMIRITI PARK PRATISTHAN BUILDING CONSTRUCTION PROJECT,PALUNGTAR-02, GORKHA | 3000.00 | 1,70,55,471.37 | 500000.00 | 90 | |

2. Purchase, Submission and Opening:

| SN | Purchase of Bid (Last Date/Time) | | Submission of Bid | | Opening of Bid | | Remarks/Contract Identification Number |
|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | |
| 1. | 15-04-2025 | 12:00 | 15-04-2025 | 12:00 | 15-04-2025 | 13:00 | PMUN/NCB/WORKS/2081/82-13. |
| Name of Office | Bank | | Deposit Account No: (Bid Security Amount) | | Revenue Account No: (Bid Document Fee) | | |
| Palungtar Municipality, Palungtar, Gorkha | Agriculture Development Bank Ltd, Palungtar, Gorkha | | 0317700959532017 | | 0317700959532025 | | |

3 Tender Procedures shall follow Public Procurement Act and Public Procurement Rules (Thirteenth Amendment).

4 Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of first class Bank Bid guarantee in the following Account within the date and time specified above.

5 A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.

6 Any amendment in the notice or bid documents will be posted in ppmo's e-bid portal (www.bolpatra.gov.np) and website of Palungtar Municipality .

7 The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**

प्रभाव दैनिक

रूपशाला

## 'आमा आज पनि रून्छिन्' को शुभमुहूर्त

फिल्म 'आमा आज पनि रून्छिन्' को शुभमुहूर्त गरिएको छ । एक कार्यक्रमका बिच कोटेश्वर महादेव मन्दिरमा फिल्मको मूर्हुत गरिएको हो । एआर. प्रोडक्सनको प्रस्तुति र संसारभरका आमाहरूमा समर्पित भनिएको फिल्मका निर्माता गिर्वाण बिजय खड्का र सेवन्तक खड्का रहेका छन् । अशु अशेष गिरीको निर्देशन रहने फिल्ममा सरोज खनाल, गौरी मल्ल, मुस्कान पौडेल, रबिन्द्र झा, आशा भुषाल, सुदिप शाह ठकुरी, आराध्या लक्ष्मी  खड्की, देशभक्त खनाल, रेट्रोना बानिया,  बालकलाकार आर्यन पौडल र विशेष भूमिकामा सुदर्शन बुढाथोकीको अभिनय रहनेछ ।



आइतबार, ०३ चैत २०८१ (Sunday, March 16, 2025)

# सुवेदीका चार कृति लोकार्पण




■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ साहित्यकार होमनाथ सुवेदीले सिर्जना र सम्पादन गरेका चारवटा कृति लोकार्पण गरिएका छन् । अन्तरराष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) नेपाल च्याप्टरद्वारा शनिबार आयोजित कार्यक्रममा 'नन्दिनी शोक महाकाव्य', 'नन्दादेवी स्मृतिग्रन्थ', 'नन्दा शोक खण्डकाव्य' र 'सेती गजल खण्डकाव्य' विमोचन गरिएका हुन् ।

त्यस अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले श्रष्टा सुवेदीलाई 'नेपाली डायस्पोरा स्वर्ण तारा सम्मान' प्रदान गरे । कार्यक्रममा सुवेदीद्वारा रचित 'नन्दा शोक खण्डकाव्य र सेती गजल खण्डकाव्य समेटिएका श्रव्य सामग्रीसमेत विमोचन गरियो । वरिष्ठ साहित्यकार सुवेदी अनेसासका संस्थापक अध्यक्ष हुन् ।

कार्यक्रममा कुलपति राईले साहित्यकार सुवेदीका रचनाले नेपाली भाषा र वाङ्मयलाई अन्तरराष्ट्रियजगत्मा पुऱ्याउन योगदान गरेको धारणा राखे । उनले साहित्यको अध्ययन र लेखनले शोकलाई सिर्जनामा रूपान्तरण गर्न सकिन्छ भन्ने सुवेदीका कृतिबाट उदाहरण प्रस्तुत भएको बताए । त्रिभुवन विश्वविद्यालयका प्राध्यापक जवलाल सापकोटाले अन्तरराष्ट्रियस्तरमा नेपाली वाङ्मयलाई विकास गर्दै नेपाली भाषाको श्रीवृद्धिमा पुऱ्याएको योगदान महत्वपूर्ण रहेको र उनी 'साहित्यिक दोभान' भएको टिप्पणी गरे ।

कार्यक्रमका अन्य वक्ताहरूले विशाल भावना बोकेको संक्षिप्त साहित्यिक विधा कवितालाई साधना र शब्दको खेलका रूपमा चित्रित गरे । उनीहरूले सुवेदीका कृतिमा आख्यानभन्दा अनुभूति प्रधान रहेको टिप्पणी गरे ।

# निर्धक्कसँग सिर्जना गर्न पाउनुपर्नेमा चलचित्रकर्मीको जोड



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्रकर्मीहरूले निर्धक्कसँग सिर्जना गर्न पाउनुपर्नेमा जोड दिएका छन् । शुक्रबार साँझ मण्डला नाटक घरमा आयोजित चलचित्रकर्मीको भेलामा अभिनेता दयाहाङ राईले आफू अभिनेता भएर पटकथा पढ्ने क्रममै सबै पक्षबारे सोच्नु पर्ने दबाब महसुस गर्ने गरेको बताए ।

उनले भने, 'चलचित्रलाई समाजको ऐना भनिन्छ, त्यसैले त्यहाँ सकारात्मक र नकारात्मक दुवै पक्षलाई देखाउने गरिन्छ । नराम्रो देखाएर त्यसले निम्त्याउने गलत अवस्थालाई चित्रण गरेर सही गर्नुपर्ने वा सकारात्मक हुनुपर्ने दृश्य देखाउनु पर्छ । तर, हामीले हरेक विषयमा आफूलाई सङ्कुचित पारेर काम गर्न थाल्यौं भने त्यसले हाम्रो सृजनामा ह्रास आउँछ ।'

निर्देशक दीपक रौनियारले आफ्नो देशको परिवेश र कथालाई निर्धक्कसँग चलचित्रमा ल्याउन सक्ने वातावरण हुनुपर्ने बताए । उनले आफ्नो चलचित्र 'राजागंज' को प्रसङ्गलाई लिएर गरिएको कडाइमा आफ्नो असहमति रहेको बताए ।

चलचित्रकर्मी दीपकराज गिरीले चलचित्र निर्माणको विषय छनोट गर्दा नै प्रदर्शनको समयमा हुनसक्ने अवरोधलाई सम्झिने गरेको बताए । 'हामीले चलचित्र प्रदर्शनमा यी-यी विषयमा विनाकारण झमेला भोग्नुपर्छ भन्ने लागेपछि लेखकले त्यहाँ सिर्जना गर्ने पात्र र परिवेशमै अंकुश लागेको महसुस गर्छ, मैले व्यक्त गर्न चाहेको समाजको परिवेशलाई चलचित्रमा देखाउन सकेको छैन', उनले भने ।

निर्देशक अशोक शर्माले विश्वमै चलचित्र काँटछाँट भन्दा पनि वर्गीकरण गर्ने परिपाटी भएकाले त्यस विषयमा सम्बन्धित निकायलाई जानकारी गराउँदै आग्रह गर्नुपर्ने बताए ।

निर्देशक नवीन सुब्बाले चलचित्रकर्मीको आशय समाजको सदभाव बिगार्नु नभई मनोरञ्जन प्रदान गर्दै विचार प्रस्तुत गर्नु रहेको बताए । उनले बेलाबेलामा सुनिने चलचित्र 'सेन्सर' को विषयमा सम्बन्धित निकायसँग छलफल गर्नु आवश्यक रहेको बताए । भेलामा निर्देशक गणेशदेव पाण्डे, उपेन्द्र सुब्बा, विनोद पौडेल, मनोज पण्डितलगायत सहभागी थिए ।

# निटफेस्टमा १२ देशका १७ नाटक

**काठमाडौं (प्रस)–** नेपाल अन्तरराष्ट्रिय नाट्य महोत्सव (निटफेस्ट) तेस्रो संस्करणमा १२ देशका १७ नाटक मञ्चन हुने भएको छ । मण्डला थिएटरद्वारा आयोजना गरिने महोत्सव यही चैत ६ देखि १२ गतेसम्म चल्ने महोत्सवका संयोजक केदार श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'हामीलाई विश्वभरबाट एक सय १५ नाटक प्राप्त भएका थिए । तीमध्येबाट १० विदेशी र २ नेपाली गरी १२ वटा नाटक छनोट गरिएको छ । त्यसबाहेक मण्डला थिएटरबाट एक, तीन सहरका स्थानीय आयोजकका तीन र चौतारी नाटक एक गरी जम्मा १७ नाटक महोत्सवमा मञ्चन गरिने छ ।'

श्रेष्ठका अनुसार नेपालबाट 'झोडा' र 'सामा चाको सामा चाको अहिवा हे', जापान र नेपालको 'कन्दाता एन्ड शकुन्तला', भारतको 'एबओर्जिनल क्राइ' र 'तमासा', चीनको 'मोचौ मोचौ', ट्युनिसियाको 'एसेच', इरानको 'एन्टिगोन', लिथआना र स्पेनको 'अराइभ्ड', चीनको 'चार्मिङ जिन्जु ओपेर एपिसोड्स'लगायतका नाटक छनोट गरिएको छ ।

'सामाजिक रूपान्तरणका लागि रंगमञ्चः रैथाने ज्ञानको उज्यालो' नारासहित हुने महोत्सव काठमाडौंस्थित मण्डला थिएटरसँगै पोखरा, भरतपुर र बेलबारीमा पनि हुँदैछ । संयोजक श्रेष्ठले महोत्सवमा एक सय भन्दा बढी विदेशी कलाकारहरू आउने, स्कटल्यान्ड, चीन र जर्मनीका कलाकारद्वारा तीन फरक कार्यशालासँगै कला प्रदर्शनी, सङ्गीत, नृत्य प्रदर्शनी हुने जानकारी दिए ।



# गोर्खा ट्रेल ब्लेजरको उपाधि लिम्बू र सेर्मालाई




■ प्रभाव संवाददाता

**धरान–** तेस्रो गोर्खा ट्रेल ब्लेजर १० किलोमिटर खुल्ला दौड प्रतियोगिताको उपाधि पुरुषतर्फ सुरज लिम्बू र महिलातर्फ पुष्प सेर्माले जितेकी छिन् । प्रतियोगिता गोर्खा सिमेष्ट्रिज ट्रस्ट नेपालको आयोजनामा भएको प्रतियोगितामा धरान उपमहानगरपालिका-१८ को संयोजन र धरान उपमहानगरपालिकाको सहयोग रहेको थियो ।

उपाधि विजेता सुरज लिम्बूले ३४ मिनेट ४५ सेकेन्ड र पुष्पा सेर्माले ४५ मिनेट ३४ सेकेन्डमा दौड पूरा गरे । विजेता दुवै जनालाई नगद रु २० हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरियो । विजेता दुवै जनाले सन् २०२६ मा हङकङमा आयोजना हुने गोर्खा ट्रेल रनमा सहभागी हुन पाउने गोर्खा ट्रस्टका अध्यक्ष महेन्द्र राईले जानकारी दिए ।

जीवित वीर गोर्खा सैनिकको सम्मानमा आयोजना हुँदै आएको प्रतियोगिताअन्तर्गत धरान-१८ स्थित रत्न चोकबाट सुरु भएको दौड मङ्गलबारे, सर्दु पुल, भञ्ज्याङ हुँदै गोर्खा स्मृति पार्क पुगेर समापन भएको थियो ।

प्रतियोगितामा सुनसरी, झापा, मोरङ, उदयपुर, भोजपुर, तेह्रथुम, पाँचथर, धनकुटालगायत जिल्लाबाट ४०० बढीको सहभागिता रहेको अध्यक्ष राईले बताए ।

प्रतियोगिताका अवसरमा दोस्रो विश्वयुद्ध लडेका खोटाङ जन्ते ढुङ्गा निवासी हाल बेलटार बसोबास गर्ने १०२ वर्षीय जीवित पूर्वब्रिटिस गोर्खा सैनिक दलबहादुर राई र धरान १८ रत्नचौक निवासी ज्येष्ठ नागरिकहरूलाई  सम्मान गरिएको छ ।

# घाइते भएपछि ब्राजिलको टिमबाट हटाइए नेइमार

■ प्रभाव संवाददाता

**काठमाडौं–** ब्राजिलका सुपरस्टार फुटबलर नेइमार फेरी घाइते भएका छन् । शुक्रबार तिघ्राको चोटका कारण नेइमार आगामी विश्वकप छनोटको लागि ब्राजिलको टिमबाट बाहिरिएका छन् ।

अक्टोबर २०२३ देखि ब्राजिलको टिम बाहिर रहेका नेइमारलाई ब्राजिलको विश्वकप छनौटका आगामी खेलका लागि राष्ट्रिय टिममा समावेश गरिएको थियो ।

मार्च २ मा ब्रागान्टिनोविरुद्ध सान्तोसको २-० को जितमा नेइमारको मांसपेशीमा समस्या आएको बताइएको छ । नेइमार कहिलेसम्म ठिक हुन्छन् भन्ने स्पष्ट भएको छैन । नेइमारले ब्राजिलका लागि अहिलेसम्म १२८ खेल खेल्दै ७९ गोल गरेका छन् । उनी ब्राजिलका लागि सर्बाधिक गोल गर्ने खेलाडी हुन् ।

नेइमारको चोटपछि ब्राजिलियन फुटबल कन्फेडेरेसनले उनको ठाउमा रियल म्याड्रिडबाट खेलिरहेका युवा खेलाडी एन्ड्रीकलाई टिममा बोलाएको छ । त्यस्तै बोर्डले म्यानचेस्टर सिटीका गोलकिपर एडर्सन र फ्लेमेन्गोका डानिलोलाई पनि टिमबाट बाहिर राखेको छ । उनीहरूको ठाउँमा, लियोनका गोलकिपर लुकास पेरी र फ्लेमेन्गोका डिफेन्डर एलेक्स सान्ड्रोलाई टिममा समावेश गरेको छ ।

जनवरी ट्रान्सफर विन्डोमा आफ्नो पुरानो क्लब सान्तोसमा फर्किएका नेइमार करिब १८ महिनापछि राष्ट्रिय टिममा फर्किएका थिए । दक्षिण अमेरिकी विश्वकप छनोट तालिकामा पाँचौं स्थानमा रहेको ब्राजिलले मार्च २१ मा घरेल मैदानमा कोलम्बियासँग र मार्च २५ मा प्रतिद्वन्द्वी अर्जेन्टिनासँग उसको घरेलु मैदानमा खेल्ने तालिका रहेको छ ।

**प्रधानमन्त्री कप**

# पुलिस क्लबको लगातार चौथो जित

## कोशीविरूद्ध आर्मीका दासले हाने शतक



■ प्रभाव संवाददाता

**काठमाडौं–** जारी पीएम कप अन्तर्गत नेपाल पुलिस क्लबले लगातार चौथो जित हासिल गरेको छ । शनिबार देउखुरी क्रिकेट स्टेडियममा सम्पन्न खेलमा पुलिस क्लबले मधेश प्रदेशलाई १९३ रनले पराजित गरेको हो ।

पुलिस क्लबले दिएको २८९ रनको लक्ष्य पछ्याएको मधेश प्रदेशले २६.१ ओभरमा अल ओत हुदै ९५ रन बनाएको थियो । मधेशका लागि दिपेश दासले सर्बाधिक ३१ रन बनाए भने रूपेश सिंहले १६ रन बनाएका थिए । त्यस्तै पुलिस क्लबका ललित राजबंशीले ५ विकेट लिएका थिए भने कुशल भुर्तेलले २ विकेट लिएका थिए ।

यसअघि टस जितेर पहिला ब्याटिंग गर्दै पुलिस क्लबले ४९.५ ओभरमा अल आउट हुदै २८८ रन बनाएको थियो । पुलिस क्लबका लागि कप्तान दिपेन्द्र सिंह ऐरीले सर्बाधिक ३६ बलमा ६३ रन बनाएका थिए भने आरिफ सेखले ५५ रन बनाए । त्यस्तै अर्जुन साउदले ४७ र दिलिप नाथले ४५ रन बनाएका थिए । त्यस्तै मधेश प्रदेशका बलर रूपेश सिंहले ४ विकेट लिए भने बिशाल पटेलले ३ विकेट लिएका थिए ।

यो जितपछि पुलिस क्लबको ४ खेलमा ८ अंक भएको छ र पुलिस अपराजित रहेको छ । त्यस्तै मधेश प्रदेशको भने यो दोस्रो हार हो । मधेशको ३ खेलमा एक जित र २ हारसहित २ अंक रहेको छ ।

### कोशीमाथि आर्मी विजयी

जारी पीएम कपमा त्रिभुवन आर्मी क्लबले लगातार चौथो जित हासिल गरेको छ । शनिबार सिद्धार्थनगर रंगशालामा सम्पन्न खेलमा आर्मीले कोशी प्रदेशलाई ७ विकेटले पराजित गरेको हो ।

कोशीले दिएको २३१ रनको लक्ष्य पछ्याएको आर्मीले ४७.१ ओभरमा ३ विकेट गुमाउदै लक्ष्य पुरा गरेको थियो । आर्मीका लागि तृतराज दासले ११२ रनको शतकीय पारी खेलेका थिए । यस पीएम कपमा बनेको यो दोस्रो शतक हो । यस अघि सुदूरपश्चिम प्रदेशका किरण ठगुन्नाले गण्डकी प्रदेशविरुद्धको खेलमा १२१ रनको शतकीय पारी खेलेका थिए ।

त्यस्तै आर्मीका लागि बसिर अहमदले अविजित ६१ रन बनाएका थिए । यसअघि टस जितेर पहिला ब्याटिंग गरेको कोशी प्रदेशले ४९.३ ओभरमा अल आउट हुदै २३० रन बनाएको थियो । कोशीका लागि सुभन गहतराजले ५१ रन बनाए भने सोनु अन्सारीले ४४ र सुजन थपलियाले ४२ रन बनाएका थिए । त्यस्तै आर्मीका बलर सोमपाल कामीले ४ विकेट लिए भने आकस चन्द र शाहाब आलमले २-२ विकेट लिएका थिए ।

यो जितपछि आर्मीले लगातार चौथो जित हासिल गर्दै प्रतियोगितामा अपराजित रहेको छ । त्यस्तै कोशी प्रदेशले भने आफ्नो लगातार चौथो हार बेहोरेको छ ।



मध्य चीनको हेनान प्रान्तको सियायी काउन्टीमा रहेको कृषि सहकारीको गहुँ खेतमा ड्रोनहरूले काम गर्दै । यहाँ देशभर वसन्त ऋतुमा हुने काममा विभिन्न आधुनिक प्रविधिहरू प्रयोग गरिँदै छ । *तस्बिरः सिन्ह्वा*

# रूसी क्षेत्रमा रहेका युक्रेनी सेनालाई आत्मसमर्पण गर्न पुटिनको निर्देशन



**किएभ–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसी नेताले युद्धविरामको पहललाई बिथोल्न खोजेको आरोप लगाएपछि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले कुर्स्क (रूसी भू-भाग) मा रहेका युक्रेनी सेनालाई आत्मसमर्पण गर्न आह्वान गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी सेनाको जीवन रक्षा गर्न पुटिनलाई आग्रह गर्दै आफ्ना राजदूतले प्रस्तावित ३० दिने युद्धविरामबारे रुसका नेतासँग 'फलदायी' वार्ता गरेको बताएका छन् ।

गत अगस्टमा युक्रेनले कब्जा गरेको अधिकांश भूभाग पुनः कब्जा गर्दै रुसले विगत एक हप्तादेखि कुर्स्कको पश्चिमी सीमा क्षेत्रमा तीव्र प्रतिकार गरेको छ । कुर्स्कमा भएको हार युक्रेनको तीन वर्ष लामो युद्धका लागि शान्ति वार्तामा महत्त्वपूर्ण 'बार्गेनिङ'को रूपमा यस क्षेत्रमा आफ्नो पकड प्रयोग गर्ने योजनामा ठूलो धक्का हुने छ ।

रुसी टेलिभिजनमा प्रसारण भएको सम्बोधनमा पुटिनले भने, 'हामी अमेरिकी राष्ट्रपति ट्रम्पको आह्वानप्रति सहानुभूति राख्छौं । यदि उनीहरूले हतियार त्यागेर आत्मसमर्पण गरे भने उनीहरूलाई जीवन र सम्मानजनक व्यवहारको प्रत्याभूति हुने छ ।'

ट्रम्पले युक्रेनका हजारौं सैनिकलाई रुसी सेनाले पूर्णरूपमा घेरेको र निकै खराब र कमजोर अवस्थामा रहेको बताएका छन् ।

### "भयानक नरसंहार"

ट्रम्पले भने, 'मैले राष्ट्रपति पुटिनलाई उनी (रूसी जमिनमा रहेका युक्रेनी सेना) हरूको जीवन रक्षा गर्न जोडदार अनुरोध गरेको छु । यदि, रूसले त्यहाँ उनीहरूविरूद्ध आक्रमण गरेमा यो एक भयानक नरसंहार हुने छ, जुन दोस्रो विश्वयुद्धपछि कहिल्यै देखिएको थिएन ।'

युक्रेनको सैन्य नेतृत्वले उक्त आरोपको खण्डन गरेको छ । युक्रेनका सैन्य जनरल स्टाफले सामाजिक सञ्जालमा लेखेका छन्, 'हाम्रो युनिटलाई घेरा हाल्ने वा अन्य कुनै खतरा छैन ।'

जेलेन्स्कीले किएभमा पत्रकारहरूसँगको संक्षिप्त कुराकानीमा अवस्थाबारे थप समीक्षा गर्दै भने, 'कुर्स्क क्षेत्रको अवस्था पक्कै पनि धेरै कठिन छ तर अभियानको अझै पनि महत्त्व छ ।' उनले पूर्वी सैन्य बदोवस्तीका सामानको केन्द्र रहेको पोक्रोभ्स्कमा नियन्त्रण कायम राख्न लडिरहेका युक्रेनी सेनामाथिको दबाब कम गर्दै रुसलाई अग्रपंतिमा रहेका अन्य क्षेत्रबाट सेना फिर्ता बोलाउन बाध्य पारिएको बताए ।

अमेरिकी राष्ट्रपति ट्रम्पले आफ्ना राजदूत स्टिभ विटकोफ र पुटिनबीच बिहीबार भएको भेटवार्ताबारे जानकारी दिँदै अमेरिका र युक्रेनबीच ३० दिनका लागि युद्धविराम गर्ने प्रस्ताव गरेका हुन् । 'हामीले हिजो रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग निकै राम्रो र फलदायी छलफल गरेका थियौं र यो भयानक र रक्तपातपूर्ण युद्धको अन्त्य हुने निकै राम्रो सम्भावना छ,' ट्रम्पले आफ्नै लगानीको सामाजिक सञ्जाल (ट्रुथ सोसल प्लेटफर्म) मा भनेका छन् । *रासस/एएफपी*

# सर्बियाको राजधानीमा भ्रष्टाचारविरूद्ध विशाल र्‍याली

**बेलग्रेड–** सर्बियाको राजधानी बेलग्रेडमा शनिबार दशौं हजार भ्रष्टाचारविरोधी प्रदर्शनकारीहरू भेला भएका छन् । गत नोभेम्बरमा नोभी साड सहरमा रेलवे स्टेसनको छत भत्किँदा १५ जनाको मृत्यु भएपछि सुरु भएको भ्रष्टाचार विरोधी आन्दोलनको यो सबैभन्दा ठूलो विरोध प्रदर्शन हो । राष्ट्रपति अलेक्जेन्डर वुकिचको संकटग्रस्त सरकारका समर्थकहरू पनि राजधानीमा भेला भएका थिए ।

युरोपेली संघ र संयुक्त राष्ट्रसंघ दुवैले शुक्रबार सरकारलाई प्रदर्शन गर्ने अधिकारको सम्मान गर्न अपिल गरेका थिए । रेलवे स्टेसनको दुर्घटनाले कथित भ्रष्टाचार र निर्माण परियोजनाहरूमा ढिलासुस्तीको कारण लामो समयदेखि तिक्ततालाई प्रज्वलित गरेको छ । हप्तौंदेखि विद्यार्थी नेतृत्वले सर्बियाका प्रमुख सहरमा र्‍याली निकाल्दै आएका छन् ।

उनीहरूले आफ्नो भ्रष्टाचार विरोधी अभियानलाई ग्रामीण गाउँ र सहरहरूमा पनि लगेका छन् जुन लामो समयदेखि भुसिकको सरकारको समर्थनको मेरुदण्ड हो । विद्यार्थी नेतृत्वको आन्दोलन शनिबार बेलग्रेड फर्केपछि सरकारमाथि थप दबाब बढ्ने सम्भावना छ । आन्दोलनका कारण प्रधानमन्त्रीसहित केही उच्च पदस्थ अधिकारीहरूले हालैका महिनाहरूमा राजीनामा दिइसकेका छन् ।

### "मलाई दबाब पर्ने छैन"

तर सरकारका समर्थकहरू पनि राजधानीमा भेला भइरहेका छन् । दक्षिणपन्थी समूह र लडाकु (मिलिसिया) सदस्यलगायत समूहहरूले सरकारको पक्षमा संसद नजिकै ब्यारिकेडहरू खडा गरेका देखिएको छ । यसले गर्दा शनिबार संसदसम्म मार्च गर्ने तयारीमा रहेका विद्यार्थी नेतृत्वको प्रदर्शनकारीसँग मुठभेड हुने डर बढेको छ । शुक्रबार साँझ दंगा प्रहरी ब्यारिकेड र खेती गर्ने ट्र्याक्टरले घेरिएको शिविर नजिकैबाट बाहिर निस्केको थियो ।



व्यापक विरोधप्रदर्शन गर्न पछि नहट्ने कसम खाएर प्रदर्शनकारीहरू सहरभित्र पस्न थालेपछि वुसिकले एक राष्ट्रिय टेलिभिजन सम्बोधनको क्रममा भने, 'म सर्बियाको राष्ट्रपति हुँ र म सडकमा यो देशको नियम बनाउन दिने छैन ।' उनले हिंसात्मक गतिविधि नगर्न सबै पक्षलाई आह्वान गर्दै अत्यधिक बल प्रयोग नगर्न प्रहरीलाई निर्देशन दिएका छन् ।

राजधानीमा प्रदर्शनमा उत्रिएका विद्यार्थी प्रदर्शनकारीलाई स्वागत गर्न शुक्रबार राति सर्बियाका विभिन्न सहरबाट हजारौंको संख्यामा अभियानका समर्थक, शुभचिन्तक तथा आन्दोलनकारी बेलग्रेडका सडकमा लामबद्ध भएका छन् । बेलग्रेडस्थित अर्थशास्त्र संकायकी २० वर्षीया छात्रा तिजाना डुरिकले भनिन्, 'यहाँ पक्कै पनि हिंसा हुने छैन किनभने हामी सबै मार्च गर्ने र सर्बियालाई स्वतन्त्र पार्ने नेतृत्वलाई स्वागत गर्ने एउटै उद्देश्यका साथ आएका हौं । यद्यपि केही विश्लेषकहरूले स्थिति अझ तनावपूर्ण हुनसक्ने सक्ने चेतावनी दिएका छन् । राजनीतिक विश्लेषक श्रदजन भिजिकले भने, 'सरकारले तनाव बढाउने प्रयास गरिरहेको छ र हामी यो अरू केही दिनका लागि देख्न सक्ने छौं ।'

सरकार समर्थित मिडियाले विद्यार्थीहरूले 'कू' गर्ने योजना बनाइरहेको भन्दै भड्काउ आरोपहरू प्रसारण गरेका छन् । यसअघि वुसिकले प्रदर्शनकारीले 'ठूलो मात्रामा हिंसा' गरेको आरोप लगाएका थिए । प्रदर्शनको कथित प्रतिकूल कभरेजको जवाफमा सोमबार सरकारी प्रसारक आरटिएसको प्रवेशद्वार अवरुद्ध गर्ने प्रदर्शनकारीहरूसँग प्रहरीले केही बेर झडप गरेको थियो । वसन्त ऋतुको संसदीय सत्रको पहिलो दिन गत हप्ता विपक्षी सांसदहरूले प्रदर्शनलाई समर्थन जनाउन मसाल जुलुस गरेका थिए । झडपका क्रममा कैयौं सांसद घाइते भएको सरकारले जनाएको छ ।

तर वुसिकले शनिबार 'अन्तिम' प्रदर्शन हुने चेतावनी दिए पनि विद्यार्थी प्रदर्शनकारीहरूले जवाफदेहिताको माग पूरा नभएसम्म र्‍याली जारी राख्ने बताएका छन् । एक विद्यार्थी समूहले अनलाइनमार्फत सार्वजनिक पोस्टमा भनिएको छ, 'यदि हाम्रा मागहरू पूरा भएनन् भने, हामी सडकमा अवरोध गर्दै थप आन्दोलनमा सरिक हुने छौं ।' *रासस/एएफपी*

# दक्षिण अफ्रिकाका राजदूतलाई देश निकाला गर्ने अमेरिकाको घोषणा

**वासिङ्टन–** अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वासिङ्टनका लागि दक्षिण अफ्रिकाका राजदूतले अमेरिका र राष्ट्रपति डोनाल्ड ट्रम्पलाई घृणा गरेको आरोप लगाउँदै उनलाई देश निकाला गर्ने घोषणा गरेका छन् ।

दक्षिण अफ्रिकी राष्ट्रपतिको कार्यालयले शनिबार दक्षिण अफ्रिकाका राजदूतलाई देश निकाला गर्ने अमेरिकी निर्णय 'खेदजनक' भएको बताएको छ । राजदूतलाई देश निकाला गर्ने घोषणा गर्दै शुक्रबार रुबियोले लेखेका छन्, 'संयुक्त राज्य अमेरिकाका लागि दक्षिण अफ्रिकाका राजदूतलाई अब हाम्रो महान देशमा स्वागत छैन ।'

'इब्राहीम रसुल 'अमेरिकालाई घृणा गर्ने र घृणा गर्ने एक जातिगत राजनीतिज्ञ हुन्',' ट्रम्पलाई उद्धृत गर्दै विदेशमन्त्री रूबियोले भने । 'उनीसँग हामीसँग छलफल गर्ने केही पनि आधार छैन र यसैले उनलाई अमेरिकामा 'अस्वीकार्य व्यक्ति' का रूपमा घोषणा गरिएको छ । उनलाई अमेरिकामा 'अस्वीकार्य



व्यक्ति' (पर्सना नन ग्राटा) मानिने छ । कूटनीतिमा कूटनीतिक शिष्टाचारअन्तर्गत विशेष सुविधा दिइएकोमा त्यस्तो सुविधाको दुरूपयोग गर्ने, कूटनीतिक मर्यादाको उल्लंघन गर्ने व्यक्तिलाई 'होस्ट कन्ट्री'ले अस्वीकार्य व्यक्ति घोषणा गर्न सक्दछ ।

वासिङ्टन र प्रिटोरियाबीचको बढ्दो तनावको पछिल्लो घटनाक्रमका रूपमा राजदूतलाई देश निकाला गर्नु संयुक्त राज्य अमेरिकाको दुर्लभ कदम हो । ट्रम्पले गत फेब्रुअरीमा दक्षिण अफ्रिकालाई दिइने अमेरिकी सहयोग रोक्का गरेका थिए र त्यहाँको कानुनको हवाला दिँदै श्वेत किसानहरूको जमिन जफत गर्न सकिने बताएका थिए ।

गत हप्ता ट्रम्पले दक्षिण अफ्रिकाका किसानहरूलाई संयुक्त राज्य अमेरिकामा बसोबास गर्न स्वागत गरिएको भन्दै सरकारले गोरा हरूको भूमि 'जफत' गरिरहेको आरोप दोहोऱ्याएका थिए । ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखेका छन्, 'सुरक्षाको कारणले दक्षिण अफ्रिकाबाट आएका कुनै पनि किसान परिवारलाई त्यस देशबाट पलायन हुनुपरेमा नागरिकताको द्रुत मार्गको व्यवस्था गर्दै उनीहरूलाई संयुक्त राज्य अमेरिकामा आमन्त्रित गरिनेछ ।'

दक्षिण अफ्रिकी मूलका अर्बपति एलन मस्कले दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाको सरकारमाथि 'खुलेआम रंगभेदी स्वामित्व सम्बन्धी कानुन' रहेको आरोप लगाउँदै आएका छन् र उनी ट्रम्पका निकटतम सहयोगीमध्येका एक हुन् ।

दक्षिण अफ्रिकामा भूमिको स्वामित्व एक विवादास्पद मुद्दा हो । रंगभेदको अन्त्यको तीन दशकपछि पनि अधिकांश खेतीयोग्य जमिनहरू श्वेत समुदायको स्वामित्वमा छन् र सरकार सुधारहरू कार्यान्वयन गर्न दबाबमा छ । गत महिना दक्षिण अफ्रिकामा आयोजित जी-२० को एक कार्यक्रममा रामाफोसाले अमेरिकी राष्ट्रपति ट्रम्पले जनवरीमा पदभार ग्रहण गरेलगत्तै उनसँग 'सकारात्मक' कुराकानी भएको बताएका थिए । उक्त सुधारिएको भनिएको सम्बन्ध पछि बाहिरिएको देखिएको छ । *रासस/एएफपी*

# किसानलाई सताउने वन्यजन्तुको गणना र नियन्त्रण सुरू गर्दै श्रीलंका

**अनुराधापुरा, श्रीलंका–** श्रीलंकाले बाँदर, मयूरलगायतका वन्यजन्तुको राष्ट्रव्यापी गणना शनिबारदेखि सुरू गरेको अधिकारीहरूले बताएका छन् । बालीनालीमा क्षति पुऱ्याई किसानलाई पीडा दिएपछि उनीहरूको नियन्त्रणका लागि सही अनुमान लगाउन किसानपीडक वन्यजन्तुको गन्ती थालिएको हो ।

शनिबार बिहान पाँच मिनेटको अवधिमा करिब ४० हजार स्थानीय अधिकारीहरू जंगली बँदेल, लोरिस, मयूर र बाँदरगणना गर्न खेतबारी र वस्ती वरपर तैनाथ गरिएको थियो । उत्तर-मध्य जिल्ला अनुराधापुरामा किसान परिवारहरू खुलाचौरमा भेला भएर जनावर हरूको गणना गरे र कृषि मन्त्रालयले उपलब्ध गराएको पानामा रेकर्ड गराए ।

मन्त्रालयका अधिकारी अजित पुष्पकुमाराले राजधानी कोलम्बोमा पत्रकारसँग भने, 'हामीले दोहोरो गणना नहोस् भन्नका लागि बालीनाली नस्ट गरी किसानलाई सताउने वन्यजन्तुको छोटो समयमा गणना गरिरहेका छौं ।' उनले भने, 'गणनाको परिणाम करिब ८० प्रतिशत सही हुने छ भन्नेमा हामीले आशा गरेका छौं । यी जनावरहरूको संख्या थाहा पाएपछि हामी तिनीहरूसित जुध्न अर्को कदम चाल्न सक्छौं ।'

कोलम्बोबाट २०० किलोमिटर उत्तरमा पर्ने अनुराधापुराका बासिन्दाहरू वन्यजन्तु गणनाको तयारीका लागि बिहान सबेरै खेतमा निस्केका थिए । 'हामीसँग धेरै उत्साही सहभागीहरूबाट धेरै सफल गणना भएको छ । उनीहरू ती किसान हुन्, जसले लगातार बालीनालीमा क्षति व्यहोर्नुपरेको थियो,' अनुराधापुराको मिहिन्तले क्षेत्रमा गणना गर्ने कृषि विभागका कर्मचारी चामिन्दा दिसानायकेले एएफपीसँग भने, 'हाम्रो गणनामा २२७ टोक बाँदर र ६५ बैजनी रंगका लंगुर दर्ता भएका छन् ।'

यसैबीच विपक्षी सांसद नलिन बन्दाराले जनगणनाको आलोचना गर्दै यसलाई 'पैसाको बर्बादी' भनेका छन् । 'यो पूर्णअसफलता हो, पैसाको बर्बादी हो । रातको समयमा खेतबारीमा आक्रमण गर्ने कीराहरूबारे के भन्न सकिन्छ ? उनीहरूको गणना भइरहेको छैन,' बन्दाराले भने, 'गणनाका लागि नयाँ प्रविधि प्रयोग गर्न सकिन्थ्यो ।'

अधिकारीहरूका अनुसार एकतिहाइभन्दा बढी बालीनाली हात्तीलगायत जंगली जनावरले नष्ट गर्ने गरेका छन् तर श्रीलंकामा हात्तीलाई पवित्र मानिएकाले यसलाई यहाँको कानुनले संरक्षण गरेको छ । हात्ती धान खेती र फलफूल खेतीमा आक्रमण गर्ने प्रमुख जनावर भए पनि शनिबारको गणनामा यसलाई समावेश गरिएको छैन ।

सन् २०२३ मा तत्कालीन कृषिमन्त्रीले चिनियाँ चिडियाखानामा करिब एक लाख टोक मकाक निर्यात गर्ने प्रस्ताव गरेका थिए तर वातावरणविद्को विरोधपछि बाँदरको विक्री योजना रोकिएको थियो । श्रीलंकाले सन् २०२३ मा आफ्नो संरक्षित सूचीबाट बाँदरका तीनवटै प्रजातिका साथै मयूर र जंगली सुँगुरलगायत थुप्रै प्रजातिलाई हटाएको थियो । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १७४५०० | प्रति तोला – ० | प्रति तोला – २०२० |



मुस्ताङका खेतीयोग्य फाँट | मुस्ताङको घरपझोङ गाउँपालिका–४ जोमसोमको खेतीयोग्य फाँट र आसपासका क्षेत्रहरू। यहाँ स्याउलगायत रैथाने बाली उवा, फापर, जौ, आलु, सिमी र बोडीलगायत उत्पादन हुन्छ। *तस्विर : सुन्दरकुमार थकाली/रासस*

# नेपाललाई पाँच अर्ब ८१ करोड निकासा गर्दै आइएमएफ

■ प्रभाव संवाददाता




**काठमाडौं–** अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले नेपाललाई उपलब्ध गराएको विस्तारित कर्जा सुविधा (एक्सटेन्डेड क्रेडिट फेसिलिटी-ईसीएफ) को पाँचौं समीक्षा सम्पन्न गरेको छ । यो समीक्षासँगै आइएमएफले नेपाललाई इसिएफअन्तर्गतको करिब रू पाँच अर्ब ८१ करोड (चार करोड १८ लाख अमेरिकी डलर बराबर) निकासा गर्ने भएको छ ।

आइएमएफ कार्यकारी बोर्ड बैठकपछि शुक्रबार जारी प्रेस विज्ञप्तिअनुसार नेपालले राजनीतिक अस्थिरता तथा गत असोज महिनाको बाढीका कारण उत्पन्न अवरोधका बाबजुद पनि उल्लेखनीय प्रगति गरेको छ । त्यस्तै, पुँजीगत खर्चमा वृद्धि, भूकम्प तथा बाढी पहिरोपछिको पुनःनिर्माण, लचिलो र सहुलियतपूर्ण मौद्रिक नीति, जलविद्युत् उत्पादनमा भएको वृद्धिलगायत कारणले यसवर्ष नेपालको आर्थिक वृद्धिलाई थप टेवा पुग्ने आइएमएफले जनाएको छ ।

विदेशी मुद्रा सञ्चिति घटेर भुक्तानी सन्तुलन निकै कमजोर भएपछि नेपालले सन् २०२२ मा ३९ करोड ५९ लाख अमेरिकी डलर बराबरको इसिएफ सुविधा लिएको थियो । जुन नेपालले पाउने विशेष अधिकार (स्पेस ड्रइङ राइट) कोटाको १८० प्रतिशत बराबर हो । बजेट वित्तपोषणका लागि चार वर्षमा विभिन्न किस्तामा भुक्तानी गर्नेगरी आइएमएफले यो सुविधा उपलब्ध गराएको थियो । आइएमफ समीक्षा टोलीका प्रमुख सर्वत जहानको नेतृत्वमा गत पुस अन्तिम साता प्रनिनिधिमण्डल नेपाल आएको थियो ।

नेपालको अर्थतन्त्रमा आन्तरिक माग कमजोर हुनुका साथै विभिन्न चुनौतीहरूको सामना गरिरहेको आइएमएफको विज्ञप्तिमा उल्लेख छ । ‘चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर चार दशमलव दुई प्रतिशत पुग्ने अनुमान छ । बाढी पहिरोलगायत विपद्पछिको आपूर्ति व्यवस्थामा देखिएको समस्या चाँडै सुल्झिने र औसत मुद्रास्फीति नेपाल राष्ट्र बैंकको राखेको पाँच प्रतिशतको वाञ्छित सीमा वरिपरि रहनेछ’, आइएमएफले भनेको छ, ‘सरकारको राजस्व सङ्कलन प्रयासले विकास खर्चलाई टेवा पुऱ्याउनुका साथै वित्तीय स्थायित्व कायम गर्न सघाउनेछ । तथापि, पुँजीगत खर्च कार्यान्वयनको ढिलाई, वित्तीय क्षेत्रका कमजोरीहरू तथा राजनीतिक अस्थिरता जस्ता जोखिमहरू कायमै छन् ।’

कार्यकारी बोर्ड बैठकमा आइएमएफ उपप्रबन्धनिर्देशक बो लीले नेपालको राजनीतिक अनिश्चितता तथा केही समय अघिका बाढीजन्य विपद्का बाबजुद आर्थिक सुधार कार्यक्रम कार्यान्वयनमा अपेक्षित प्रगति गरेको धारणा राखेको विज्ञप्तिमा उल्लेख छ । तथापि आर्थिक परिदृश्यमा विविध जोखिमहरू रहेका कारण नीति निर्माताहरूले स्थायित्व कायम गर्न सचेत रहनुपर्ने आवश्यकता आइएमएफले औंल्याएको छ ।

‘वित्तीय स्थिरताका लागि आर्थिक वृद्धिलाई गति दिने, पुँजीगत खर्च खर्च सामाजिक सुरक्षालाई सुदृढ पार्न आन्तरिक राजस्व संकलनलाई बढावा दिनुपर्ने हुन्छ’, आइएमएफ उपप्रबन्ध निर्देशक लीलाई उदृत गर्दै विज्ञप्तिमा भनिएको छ, ‘नेपाल राष्ट्र बैंक ऐनमा सुधार गरी यसको प्रशासनिक स्वायत्तता र उत्तरदायित्वलाई थप बलियो बनाउनुपर्ने आवश्यकता छ । वित्तीय क्षेत्रको जोखिम न्यूनीकरण गर्न बचत तथा ऋण सहकारीहरूको व्यवस्थापन सुधार, वित्तीय नियमनलाई अन्तरराष्ट्रिय मापदण्डअनुसार परिष्कृत गर्ने तथा ऋण पोर्टफोलियो समीक्षा कार्य अघि बढाउन आवश्यक छ ।’

नेपाल फाइनान्सियल एक्शन टास्क फोर्स (एफएटीएफ) को ग्रे सूचीमा परेपछि सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी विषयमा पनि चनाखो हुनुपर्ने आवश्यकता आइएमएफले औंल्याएको छ । यसका लागि नियामकीय सुधारलाई प्राथमिकता दिन सुझाव दिइएको छ ।

‘नेपालमा लगानीमैत्री वातावरण विकास गर्न, व्यवसाय सञ्चालनको लागत घटाउन, सुशासन बढाउन र भ्रष्टाचार नियन्त्रणका लागि संस्थागत सुदृढीकरण आवश्यक छ । साथै, जलवायु परिवर्तनजनित प्राकृतिक विपत्तिहरूको असर न्यूनीकरणका लागि पहल गर्न अति आवश्यक छ’, आइएमएफले भनेको छ ।

# उखु अभावले ‘क्रसिङ’ लक्ष्य हासिल भएन

■ प्रभाव संवाददाता

**महोत्तरी–** महोत्तरीको गौशाला-१ रामनगरस्थित एभरेष्ट सुगर एन्ड केमिकल इन्डष्ट्रिजले यसपालि उखु अभावले लक्ष्यअनुसार ‘क्रसिङ’ (उखु पेलेर चिनी बनाउने कार्य) गर्न सकेन । यसैकारण चैत मसान्तसम्म सञ्चालन हुनुपर्ने उद्योग उखुकै अभावमा फागुन मसान्तमै बन्द गर्नु परेको छ ।

गत मङ्सिर २६ गते उखु क्रसिङ सुरु गरेको उद्योगले बिहीबार उखु नपुगेपछि यसपालिको क्रसिङ रोक्नुपरेको जनाएको छ । उद्योगले यसपालि लक्ष्यभन्दा चार लाख क्विन्टल कम उखु क्रसिङ गरेको महाप्रबन्धक सुरेन्द्र शुक्लाले बताए । ‘हामीले यसपालि ९२ दिनमै क्रसिङ बन्द गर्नु पऱ्यो, उखु नै नभएपछि यसपालिको क्रसिङ लक्ष्य प्राप्त गर्न सकिएन’, उनले भने ।

शुक्लाका अनुसार उद्योग सञ्चालनका ९२ दिनमा छ दिन उखु अभावले क्रसिङ रोक्नुपरेको र २५ दिन क्षमता घटाएर क्रसिङ गर्नुपरेको थियो । यसपालि उद्योगले कम्तीमा ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य निर्धारण गरे पनि ३१ लाख तीन हजार ५१ क्विन्टल मात्र क्रसिङ गरिएको उनले गुनासो गरे । यसपटक तीन लाख १५ हजार क्विन्टल चिनी उत्पादन गर्ने लक्ष्य पनि उखु अभावले पूरा हुन नसकेको उद्योग प्रशासनले जनाएको छ ।

यसैबीच उद्योगले फागुन २५ सम्म किसानबाट ल्याइएको उखुको भुक्तानी दिइसकेको जनाएको छ । यस अवधिमा पाँच दिन पहिलेसम्मको ३० लाख ८० हजार क्विन्टल उखुको रु एक अर्ब ७० करोड ५७ हजार भुक्तानी दिइसकिएको महाप्रबन्धक शुक्लाले जानकारी दिए । यसपालि चिनी उत्पादनको परिणाम यकिन गर्नभने अझै केही दिन लाग्ने उद्योगले जनाएको छ ।

पछिल्ला तीन वर्षयता उद्योगले भुक्तानी प्रक्रिया क्रमशः सरल बनाउँदै लगेर यसपालि प्रत्येक पाँच दिनमा उखुको भुक्तानी किसानको खातामा चुक्ता गरेको छ । भुक्तानी प्रक्रिया सरलीकृत भए पनि उचित मूल्य नपाएपछि उखु किसान निराश भएका र यसले गर्दा उत्पादन घट्दा फागुनमै उद्योगले उखु अभाव खेप्नुपरेको उखु उत्पादक कृषक संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाको भनाइ छ ।

किसानले उखुको प्रतिक्विन्टल रु ७५० पाउनुपर्ने माग राख्दै आएका थिए तर सरकारले गत वर्षको मूल्यमा प्रतिक्विन्टल रु २० मात्र बढाएर ५८५ कायम गरेको छ । उद्योगीले दिने मूल्यबाहेक सरकारले रु ७० अनुदान दिने व्यवस्था गरेको छ । यसअनुसार किसानले उखुको मूल्य प्रतिक्विन्टल रु ६५५ पाउनेछन् ।

यस वर्ष उद्योगले लक्ष्यअनुसार उखु क्रसिङ हुन नसके पनि गत वर्षभन्दा दुई लाख क्विन्टलभन्दा बढी क्रसिङ गरेको छ । गत वर्ष (२०८०/८१) को ‘सिजन’ मा २९ लाख चार हजार ५११ क्विन्टल उखु क्रसिङ गरी दुई लाख ६१ हजार ४०६ क्विन्टल चिनी उत्पादन गरिएको थियो ।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको छ ।

निगम सञ्चालक समितिको आजको बैठकले शनिबार मध्यरातदेखि लागू हुने गरी पेट्रोलको साबिकको खुद्रा बिक्री मूल्यमा प्रतिलिटर रु पाँच र डिजेल तथा मट्टितेलको मूल्यमा प्रतिलिटर रु चारले घटाउने निर्णय गरेको हो । मूल्य घटेसँगै पहिलो,



दोस्रो र तेस्रो वर्गमा पेट्रोल क्रमशः प्रतिलिटर एक सय ६० रूपैयाँ ५० पैसा, एक सय ६२ रूपैयाँ र एक सय ६३ रूपैयाँ तथा डिजेल/मट्टितेल प्रतिलिटर एक सय ४८ रूपैयाँ ५० पैसा, एक सय ५० रूपैयाँ र एक सय ५१ रूपैयाँ कायम भएको छ । इण्डियन आयल कर्पोरेसशनबाट प्राप्त नयाँ मूल्यसूचीअनुसार पेट्रोल तथा डिजेलको नयाँ खरिद मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको हो ।

# विद्युतीय साधनले सस्तियो पोखरा-बागलुङ यात्रा

**गण्डकी–** धवलागिरि-गण्डकी यातायात सेवा प्रालिले पोखरा-बागलुङ र पेखरा म्याग्दी चल्ने विद्युतीय माइक्रो बसको भाडादर समायोजन गरेको छ ।

कम्पनीले विद्युतीय गाडी सञ्चालन गरेको एक वर्ष पुगेको अवसरमा भाडादर घटाएको हो । पोखरा-बागलुङ यसअघि रु चार सय ५० लिने गरिएकामा शुक्रबारदेखि रु ५० घटाएर रु चार सय कायम गरिएको प्रालिका अध्यक्ष उमेश केसीले जानकारी दिए । म्याग्दी-पोखराको भाडा रु पाँच सय ५० बाट घटाएर रु पाँच सय कायम गरिएको उनले बताए ।

बागलुङदेखि पोखराका लागि गत वर्ष फागु पूर्णिमाका दिन विद्युतीय माइक्रो बस सेवा सञ्चालन गरिएको थियो । सुरुवाती चरणमा दुई वटा बसबाट सेवा सञ्चालन गरेको बागलुङ-पोखराका लागि हाल २० वटा माइक्रो बस सञ्चालनमा छन् । कम्पनीले म्याग्दीको बेनीबाट पोखराका लागि पनि पाँच वटा बस सञ्चालन गरेको छ ।



बागलुङ- नारायणगढका लागि पाँच वटा बस सञ्चालनमा ल्याइएको छ । विद्युतीय सवारीसाधनको माग बढेपछि कम्पनीले सेवालाई थप व्यवस्थित गराउन भाडादर घटाएको हो । विद्युतीय गाडीले वातावरण प्रदूषणमा कमी आउने, इन्धनमा लाग्ने खर्च नहुने र नेपालमै उत्पादित विद्युत्को प्रयोग हुने हुँदा यो यात्राका लागि सहज र सस्तो हुने गरेको छ ।

पछिल्लो समय प्रदेश राजधानी पोखरासहित गण्डकीका सहरी क्षेत्रमा विद्युतीय सवारीसाधनको प्रयोग बढ्दो छ । यातायात व्यवसायीले सार्वजनिक सेवाका लागि पनि विद्युतीय सवारीसाधन भित्र्याउन थालेका छन् ।

प्रदूषणमुक्त र सञ्चालन खर्च कम आउने हुँदा विद्युतीय सवारीसाधनप्रति आकर्षण बढेको हो । विद्युतीय गाड ी सुविधायुक्त र वातावरणमैत्री छन् । बिजुलीको नियमित उपलब्धता, चार्जिङ स्टेशन विस्तार आदिमा सरकारले ध्यान दिनुपर्ने यातायात व्यवसायीको माग छ ।

प्रदेशको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयका अनुसार मझौला र साना विद्युतीय सवारीसधान बढी प्रयोगमा आइरहेका छन् । गण्डकी प्रदेशमा ठूला विद्युतीय बस भने सञ्चालनमा आइसकेका छैनन् । माइक्रो बस, कार, भ्यान र स्कुटरको संख्या बढ्दो छ । कास्की, बागलुङ, तनहुँ र नवलपुरमा रहेका यातायात कार्यालयमा विद्युतीय सवारीसाधन दर्ता गर्न सकिने मन्त्रालयले जनाइएको छ । चार्जिङ स्टेनसन भएका ठाउँमा मात्र सवारीसाधनको दर्ता र सञ्चालनमा अनुमति दिने गरिएको छ । *रासस*

# फुङ्लिङमा ‘मकै घर’

**फुङ्लिङ (ताप्लेजुङ) (प्रस)–** जिल्ला सदरमुकाम फुङ्लिङमा बाह्रै महिना पोलेको हरियो मकैको स्वाद लिन पाइने भएको छ । यहाँ स्थानीय उद्यमी र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको साझेदारीमा ‘मकै घर’ स्थापना भएको छ ।

पहाडी र हिमाली क्षेत्रमा हरियो मकै खान वर्ष दिन कुर्नुपर्ने बाध्यता रहँदै आएकामा मकै घर सञ्चालनपछि अब बाह्रै महिना त्यसको स्वाद लिन पाइने छ । मकै उत्पादनमा संलग्न किसानहरूको प्रोत्साहन, मकैको बजारीकरण तथा प्रवर्द्धन गर्ने उद्देश्यले यो पहल गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रमुख काशिराम पाण्डेले बताए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत यहाँ सञ्चालित मकै जोन कार्यक्रमअन्तर्गत यो घर सञ्चालनमा ल्याएको हो । कार्यालय प्रमुख पाण्डेका अनुसार यहाँ पोलेको हरियो मकैका साथै मकैबाट बन्ने विविध परिकार उपलब्ध हुनेछन् । ‘मकैका परिकार लोप हुने क्रममा छन् । यसको प्रवर्द्धन र महत्व बुझाउनका लागि यो कार्यक्रम सञ्चालन गरिएको हो । परियोजनाले एक लाख २७ हजार अनुदान र उद्यमीले सोही बराबरको लगानी गरेका छन्’, उनले भने ।

मकैको चटपटे, हलुवा, रोटी, पकौडा, सुप, मोमो र पराठाजस्ता परिकार उपलब्ध गराइने मकै घर सञ्चालक यशोदा गिरीले बताइन् । मकै उत्पादनमा संलग्न किसानहरूलाई पनि मकै घर स्थापनाले प्रत्यक्ष फाइदा पुग्ने उनको विश्वास छ ।

घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष राजेन्द्र भारतीका अनुसार हरियो मकै प्रतिघोगा रु १० मा बिक्री हुने भए पनि पोलेर बिक्री गर्दा रु २० भन्दा बढीमा बेच्न सकिने भएकाले यसमा राम्रो आम्दानीको सम्भावना छ । उनले ३६५ दिन नै ‘अर्ग्यानिक’ हरियो मकैका परिकारको स्वाद लिन पाउने भएकाले उपभोक्ता र किसान दुवै लाभान्वित हुने बताए ।

वैशाखदेखि मङ्सिरसम्म ताप्लेजुङमा हरियो मकै उत्पादन हुने गरेको छ । मकै घर स्थापनापछि किसानहरूले आफ्नो उत्पादनको भरपुर लाभ लिन सक्नेभन्दै कृषक कमल विष्टले खुसी व्यक्त गरे । यस कार्यले बेंसीदेखि हिमाली क्षेत्रका किसानलाई बजार पहुँच दिलाउने र उत्पादनमा वृद्धि गराउने अपेक्षा गरिएको छ । मकै घर स्थापना पर्यटकका लागि पनि आकर्षणको केन्द्र बन्ने अपेक्षा गरिएको छ । फुङ्लिङमा आउने आन्तरिक तथा बाह्य पर्यटकले स्थानीय स्वादका रूपमा पोलेको हरियो मकै र अन्य परिकारको स्वाद लिन पाउनेछन् । यसले स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने र कृषि उत्पादनमा समेत सुधार ल्याउने परियोजना कार्यालय प्रमुख पाण्डेले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.ः ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ